# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



बुद्ध सम्वत् २५४७ को निम्ति पंचबिर सिंह पुरस्कार ग्रहण गरिसकेपछि पुरस्कृत व्यक्तित्वहरू बिजय लक्ष्मी शाक्य र लोक बहादुर श[illegible] [illegible]मा [illegible] साहु पंचबिर सिंह तुलाधर (दायाँ) र युवा बौद्ध स[illegible]हि[illegible] अ[illegible]क्ष [illegible]न्ति रत्न शाक्य


**अनला पुन्ही**

वर्ष-२२; अङ्क-४

DHARMAKIRTI

बिक्रम सम्वत् २०६१

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफैं हुनेछ– सम्पादक मण्डल हुने छैन ।

## ■ विषय–सूचि ■


| क्र.सं. | विषय | लेखक | पेज नम्बर |
|---|---|---|---|
| १. | बुद्ध-वचन | – | १ |
| २. | सम्पादकीय– बुद्धको विशेष ज्ञान | – | २ |
| ३. | धम्मपद-१७२ | – रीना तुलाधर | ३ |
| ४. | धर्मकीर्ति पत्रिकाको विशेष सहयोगहरू | – | ३ |
| ५. | बाल आश्रमलाई सहयोग | – | ३ |
| ६. | साहसिली धम्मवती गुरुमां | – रामकुमारी मानन्धर | ४ |
| ७. | धर्म प्रचार र बहुजनहिताय | – श्यामलाल चित्रकार | ६ |
| ८. | खण्ड ज्ञान भन्दा अज्ञानले बेस | – नरेन्द्रलाल भट्टराई | ७ |
| ९. | महाराज प्रसेनजित | – कल्याणमित्र स.ना.गोयन्का | ८ |
| १०. | गोही र बाँदर | – केदार शाक्य | ९ |
| ११. | बुद्ध धर्मानुसार नयाँ जीवनको शुरूवात | – आचार्य: भिक्षु सुजनकीर्ति | ११ |
| १२. | अल्पकालीन दुर्लभ प्रव्रजित जीवन ... | – सुशिल शाक्य | १३ |
| १३. | छलफल | – मेघदूत | १६ |
| १४. | धर्मकीर्ति विहार–गतिविधि | – | १७ |
| १५. | मैत्री केन्द्र बाल आश्रम | – मैयाँ पहरी | २१ |
| १६. | धर्म प्रचार–समाचार | – | २२ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी त:धंगु तिब: ज्वीफु ।
- छि थ: ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थ:गु पस:, उद्योग, व्यापार, कार्यालयया बिया ब्यूगु प्रत्येक विज्ञापन पत्रिकायात त:धंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचा: याना दिसँ– 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया बीफु ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन: ४२५ ८९५५, ४२२ ४९१२

व्यवस्थापकद्वय
चिनीकाजी महर्जन
फोन: ४२५ ०६८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७ १९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५ ९११०

प्रकाशक र विशेष व्यवस्थापक
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघःटोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५४८
नेपाल सम्वत् ११२४
इस्वी सम्वत् २००४
विक्रम सम्वत् २०६१


| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. ७/- |

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**AUGUST 2004**


| | | | |
|---|---|---|---|
| वर्ष- २२ | अङ्क- ४ | अनला पुन्ही | श्रावण २०६१ |





★ धेरै बोल्ने गर्दैमा पण्डित बनिन्न जो क्षम्यशील अवैरी तथा भयरहित छ, त्यसलाई पण्डित भनिन्छ ।

★★★

★ विना विचारले यदि कसैले न्याय गर्न खोज्छ भने त्यो न्यायाधीश होईन । जुन पण्डितले साँचो र झुठो दुबैको निर्णयगरी विचारपूर्वक पक्षपात नराखि न्याय गर्छ, उसैलाई धर्म रक्षा गर्ने साँच्चिको न्यायाधीश भनिन्छ ।

★★★

# बुद्धको विशेष ज्ञान

बुद्ध बोध हुनुभएको व्यक्ति हुनुहुन्छ । बोध हुनको लागि ज्ञानको गहन अध्ययन र अभ्यास गर्न अत्यावश्यक छ । यसको लागि आफ्नो अज्ञानतालाई आफैले महशूस गरी त्यसलाई निकाल्दै फाल्नु पर्दछ । बुद्धले बुद्धत्त्व प्राप्त गर्नुभएपछि मात्र आफ्नो परिचय दिंदै यसरी भन्नुभएको थियो-

"राजदरबार त्याग गरी ६ वर्ष सम्म त म भ्रममा परें । खूब अध्ययन र अभ्यास पनि गरें । तर बोध हुन सकिन । बुद्धत्त्व प्राप्त गर्न सकिन । जब मैले आफूमा भएका अज्ञानता र कुसंस्कारलाई महशूस गर्न सकें तब तिनीहरूलाई केलाउँदै त्याग्दै गएँ । फलस्वरूप मैले बुद्धत्त्व प्राप्त गर्न सकें र बोध भएँ ।" यसलाई बुद्धको विशेष ज्ञान भन्न सकिन्छ ।

वास्तवमा सिद्धार्थ कुमारले अज्ञानीहरूलाई ज्ञानी बनाउनका लागि गृहत्याग गर्नु भएको थियो । तैपनि उहाँले सबैलाई दुःखबाट मुक्त गर्ने जिम्मा लिनु भएन । उहाँले आफूलाई मार्ग प्रदर्शकको रुपमा मात्र प्रस्तुत गर्नुभयो । शुद्ध हुने र अशुद्ध हुने जिम्मा त आ-आफ्नै हातमा रहेको हुन्छ । आ-आफ्नै मन र आचरणको खेल हो । कसैले कसैलाई पनि शुद्ध पार्न सक्दैन ।

हामीलाई असल शिक्षा दिई असल बाटो देखाउने कल्याण मित्र भने अवश्य पनि चाहिन्छ । तर यस्तो गुरु भएपनि यदि हामीले आफ्नो खराब बानी व्यवहारलाई आफैले महशूस गर्न सकेनौं र राम्रो आचरणलाई प्रयोग गर्न सकेनौं भने हामी कहिले पनि ज्ञानी बन्न सक्ने छैनौं ।

बुद्ध एकपटक अलउ भन्ने नगरमा जानुभएको थियो । त्यस नगरमा आलवक नाम गरेको एकजना ज्यादै घमण्डी क्रोधी र चण्ड स्वभावको व्यक्ति रहने गर्थ्यो । उसको यस्तो नराम्रो स्वभाव भएकोले नै होला त्यहाँका मानिसहरूले उसलाई राक्षस भन्ने गर्थे । त्यसैले त्यहाँका मानिसहरू बुद्ध समक्ष आई यसरी प्रार्थना गर्न थाले-

"भो शास्ता ! तपाईं त अज्ञानी पुरुषहरूलाई दमन गर्न सक्ने ठूलो गुरु नै हुनुहुन्छ । तपाईंले हाम्रो जीवनमा अशान्ति फैलाइरहने राक्षसी स्वभावका अज्ञानी आलवकलाई दमन गरिदिनु भए हाम्रो ठूलो उपकार हुने थियो ।"

ती व्यक्तिहरूको यस्तो प्रार्थना सुनी बुद्धले यसरी विचार गर्नु भयो-

"आलवकले ज्ञानको कुरा सुनी बुझ्न सक्ने व्यक्ति हो वा होइन, मेरो कुरो मान्छ कि मान्दैन उसले ? मैले आफ्नो मैत्री र करुणा चित्त लिई आलवकको हितको लागि जाँदैछु । यदि मेरो मैत्री र करुणा सत्य छ भने यही सत्य वचनको प्रभावले आलवकको दानव स्वभाव मानवको रुपमा परिवर्तन हुनेछ । म त्यहाँ गई पहिला उसको कुरालाई सुनी उसको आज्ञा पालन गर्नेछु । जसले गर्दा उसको अहंकारीपना केही हट्नेछ । अहंकारीपना हटेपछि मात्र उसले आफ्नो अज्ञानतालाई महशूस गरी ज्ञानी बन्नेछ ।"

यति विचार गर्नुभई बुद्ध आलवकको घरमा जानुभई आफ्नो मैत्रीपूर्ण चित्त र नरम स्वरले उसलाई ज्ञानका कुरा यसरी सम्झाउनुभयो ।

"हे आलवक ! तिम्रो क्रोधी र अहंकारीपनाले गर्दा तिम्रो अधिनमा रही कामगर्ने व्यक्तिहरूका साथै तिम्रो आफ्नै परिवारमा समेत शान्तिले बास गर्न सकेको छैन । तिम्रो मनमा श्रद्धा र राम्रो आचरण भएको खण्डमा जहाँ बसेपछि तिमीलाई मानिसहरूले सम्मान गर्नेछन् । तिम्रो राम्रो आचरणको कारणले सबैले तिमीलाई तिम्रो मुख अगाडि मात्र होइन पछाडि पनि प्रशंसा गर्नेछन् ।"

बुद्धका यी ज्ञानगुणका कुरा सुनी आलवकले यसरी विचार गर्न थाल्यो-

"गौतम बुद्धले मलाई आफ्नै हितैषी जस्तो व्यवहार गरी मेरै भलो चिताएर ज्ञानको कुरा भन्नुभएको छ । म त अज्ञानी पो रहेछु । यस्तो ज्ञानगुणको कुरा मैले पहिला कहिले पनि सुन्न पाएको थिइन । मेरो घर सम्म आउनुभई बुद्धले यसरी उपदेश दिनु भएको कुरो मैले स्वीकार गर्नेपर्छ । अब म ज्ञानी बन्नेछु । अब त मैले पनि बुद्ध शिक्षा प्रचार गर्नेछु ।"

यसरी आलवक आफैले आफ्नो गल्तीहरूलाई महशूस गरी हृदय परिवर्तन गरी बोध भए । यहाँ बुद्ध त मार्ग प्रदर्शक मात्र बन्नु भएको छ । बुद्धको विशेषता नै यही हो ।



Downloaded from http://www.dhamma.digital

# धम्मपद–१७२

■ रीना तुलाधर 'परियत्ति सद्धम्म कोविद'

**छन्दजातो अनक्खाते, मनसा च फुटो सिया**
**कामेसु च अप्पटिबद्ध चित्तो, उद्धं सोतोति वुच्चति**

अर्थ- जो निर्वाणको अभिलाषी छ, जसले चित्तबाट त्यसको स्पर्श गरीसकेको छ, जो काम विषयमा संलग्न हुँदैन, त्यसलाई उर्द्धश्रोत गामी (माथितिरको धारमा बग्ने) भन्दछ ।

घटना- उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बस्नु भएको बेला एक अनागामी मार्ग फलमा पुगीसकेका स्थविरको कारणमा भन्नु भएको थियो ।

एकजना वरिष्ठ स्थविर थिए जो अनागामी मार्गफलमा प्रतिष्ठित भईसकेका थिए । एकदिन त्यसका शिष्य भिक्षुहरूले तिनीसँग सोधे 'भन्ते ! तपाईंले कुनै विशेष मार्गफल साक्षात्कार गर्नु भईसक्यो के ?" स्थविरले विचार गरे- 'अनागामि फल त कुनै एक साधारण गृहस्थले पनि साक्षात्कार गर्छ । त्यसैले अरहत् फल प्राप्त गरीसकेपछि मात्र यिनीहरूको प्रश्नको जवाफ दिनुपर्ला ।" यसरी आफू उपाध्याय भएर पनि अरहत्व लाभ नभएकोले असजिलो मानी जवाफ नदिएर चुप लागेर बसे । तर केही समयपछि अरहत्व लाभ गर्न नपाउँदै तिनको मृत्यु भयो ।

तिनका शिष्यहरूले आफ्ना उपाध्यायले कुनै मार्गफल प्राप्त गर्न नसक्दै नै त्यसको मृत्यु भएछ भन्ठानी त्यसको लागि दुःखी भए । यही कुरो लिएर ती शिष्य जनहरू भगवान बुद्धकहाँ गएर दुःख पूर्वक भन्न गए- "भन्ते ! हाम्रा उपाध्याय स्थविरको कुनै मार्गफल प्राप्त हुन नपाउँदै मृत्यु भयो ।"

भगवान बुद्धले भन्नुभयो "हे भिक्षुहरू ! तिमीहरूले शोक नगर । तिम्रा उपाध्याय अनागामि मार्गफलमा प्रतिष्ठित भईसकेका थिए । अनागामि फल त कुनै गृहस्थले पनि साक्षात्कार गर्ने भएकोले लज्जित भएर अरहत्व लाभ गरे पछि मात्र तिमीहरूलाई भनौंला भनेर अरहत्व प्राप्त गर्न प्रयास गर्दागर्दै तिनको मृत्यु भएको हो । तिम्रो गुरु सांसारिक काम सुखबाट अलगिगइसक्यो । उनी अवश्य पनि उँभो लाग्दै अन्तमा अरहत्व लाभी हुनेछ ।" यसरी आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

धर्मदेशनाको अन्तमा ती सबै शिष्य भिक्षुहरू अरहत्व भावमा प्रतिष्ठित भए । ■

## [illegible]

क.सं. ४३१
**हेमवती गुरुमां**
लुम्बिनी गौतमी विहार, लुम्बिनी
रु. १००५।-

क.सं. ४३२
**श्रीमती तारा शाक्य**
ह्यूमत टोल, काठमाडौं ।
रु. १००५।-

क.सं. ४३३
**Bhikkhu Sujan Kirti (Phra Sujan)**
Wat Paknam-8, Paklong, Bhasicharoen
Bangkok, 10160, THAILAND
NPRs. 1300/-

क.सं. ४३४
**Miss Sompon Mala**
c/o Phra Sujan
Wat Paknam-8, Paklong, Bhasicharoen
Bangkok, 10160, Thailand
NPRs. 1200/-

क.सं. ४३५
**विजय रत्न तुलाधर**
ज्याठा, इवा बहा
रु. १००५।-

## [illegible]

मेत्तासेन्टर बाल आश्रम, [illegible] बनेपालाई आर्थिक सहयोग दिनुहुने दाताहरूको नामावली–

१. सुश्री सुशीला प्रधान ठमेल रु. ३,०००।-
२. श्री पुष्पनरसिंह प्रधान, ठमेल रु. ५००।-
३. स्व. [illegible] प्रधानको पुण्य स्मृतिमा रु. ५००।-
४. श्रीमान् श्रीमती राजेन्द्ररत्न बज्राचार्य, ठहिटी क्वाबहाल रु. १,०००।-
५. [illegible], [illegible] बाल बालिकाहरूलाई [illegible] ।
६. स्व. [illegible] स्मृतिमा [illegible] मानन्धर रु. ४००।-
७. भिक्षु धर्ममूर्ति मार्फत रु. १०००।-
८. डा. मुकेश झा, [illegible] उपचार केन्द्र कालिमाटी रु. १००५।-
९. मन नारायण श्रेष्ठी कीर्तिपुर रु. ५०५।-
१०. [illegible] शाक्य बनेपा रु. ३००।-
११. [illegible] बज्राचार्य, ललितपुर रु. २०००।-
१२. स्व. पती [illegible]बहादुर सिंहको पुण्यस्मृतिमा शान्ता सिंह, ह्यूमत रु. २०५।-



Downloaded from http://www.dhamma.digital

# साहसिलो धम्मवती गुरुमां

■ राम कुमारी मानन्धर

**बाल्यकाल :**

धम्मवती गुरुमांको पहिलेको नाम गणेश कुमारी शाक्य थियो । उहाँको जन्म वि.सं १९९१ साल गुरु पूर्णिमाको दिन ललितपुरको हौगलमा आमा स्व. हेराथकुं शाक्य र बाबु स्व. हर्षमान शाक्यको कोखबाट भएको थियो । त्यस बेला नेपालमा राणाशासन चलिरहेको थियो । जुन समयमा मानव अधिकारलाई मनन गर्नुको सट्टा हनन भइरहेको थियो । मानव अधिकारमा शिक्षा हासिल गर्नु पनि एक किसिमको अधिकार हो । त्यो अधिकार जनताले पाउनुको सट्टा वन्चित भएको थियो । त्यस्तो बेलामा धम्मवती गुरुमां जन्मनु भयो, जोसंग पढेर ठूलो मान्छे बन्ने इच्छा थियो । त्यस समयमा नारीहरूलाई त के पुरुषहरूलाई नै शिक्षा हासिल गर्नको लागि स्कूलहरूको कमी थियो । स्कूलहरू थोरै मात्र थियो जसमा ठूला बडाका सन्तानले मात्र पढ्न पाउँथ्यो । त्यो समयमा नारीले पढ्यो भने नराम्रो दृष्टिले हेर्थ्यो र चरित्रहीन बनिन्छ भन्ने गलत विचार राखिन्थ्यो । त्यसैले उहाँले बालक कालमा पढ्न पाउनु भएन ।

**शिक्षा दीक्षा :**

धम्मवती गुरुमां सानै उमेरमा आफ्नी आमासंग विहार जानु हुन्थ्यो । । त्यहाँ धर्म देशना सुन्नुको साथै लेखपढ पनि हुन्थ्यो । १३।१४ वर्ष भएको बेलामा एक जना भिक्षु बर्माबाट काठमाडौं आउनु भएको थियो र उहाँले बुद्ध धर्म सम्बन्धि धर्म देशना गर्नु भयो । उहाँको धर्म देशनाले धम्मवती बुद्ध धर्मप्रति प्रभावित हुनु भयो । आफू पढेर ठूलो व्यक्ति बन्ने र बुद्ध धर्म प्रचार गर्ने प्रतिज्ञा गर्नुभयो । यस्तो इच्छा लिएर १४ वर्षको कलिलो उमेरमा उहाँ घर परिवार त्यागी बुद्ध शिक्षा अध्ययनको लागि काठमाडौंबाट बर्मामा जानुभयो ।

दुःख कष्ट गरी १४ वर्षसम्म बडो मेहनतका साथ बर्मामा अध्ययन गर्नुभयो । मेहनतको फल मिठो हुन्छ भने झैं बर्मी सरकारले उहाँलाई शासनध्वज धर्माचार्य पद प्रदान गऱ्यो ।

**धर्म देशना :**

बर्मामा बुद्ध धर्म शिक्षा हासिल गरिसके पछि गुरुमां आफ्नो जन्मभूमी नेपालमा फर्कनु भयो । गुरुमांलाई बर्मामा नै बस्ने अनुमति पनि भएको थियो । आफ्नो देश नेपालमा फर्केर बुद्ध धर्म प्रचार गर्ने, नैतिक शिक्षा दिने ठूलो धोको भएकोले त्यो धोको पूरा गर्न आफ्नो देशमा फर्केर विभिन्न ठाउँमा बुद्ध धर्म देशना गर्दै धर्म प्रचार गर्न लाग्नु भयो । धर्म प्रचारको अलावा सामाजिक सुधारका शिक्षा दिने कार्यहरू पनि गर्नुभयो । काठमाडौंको धर्मकीर्ति विहारमा महिनाको ५ पटक प्रत्येक पूर्णिमा, औंशी र अष्टमी (२ पटक), र संक्रान्तिका दिनहरूमा बुद्ध पूजा हुन्छ । यस पूजामा धेरै नर नारीहरू सामेल हुने गर्दछन् । बुद्ध पूजामा सहभागी भएकाहरूले बुद्ध, धर्म र संघको गुणलाई मनमा राखी पूजा गर्छन् र धम्मवती गुरुमांको उपदेश एक चित्त भई सुन्ने गर्छन् । आजकाल उहाँको निर्देशन अनुसार अरु गुरुमांहरूले पनि बुद्ध पूजा गर्ने र उपदेश दिने गर्नु हुन्छ ।

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी :**

धर्मको साथ साथै नैतिक शिक्षा दिन युवाहरूको लागि वि.सं. २०२८ साल जेष्ठ ७ गते शुक्रबारका दिन एक अध्ययन गोष्ठीको स्थापना भयो । यो हालको धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी हो । यसले समय समयमा आफ्ना सदस्यहरूलाई लेख लेखन तालीम दिने व्यवस्था गऱ्यो । यसको प्रभाव स्वरूप बुद्ध धर्म सम्बन्धि लेखहरू आउन थाल्यो । त्यसले गर्दा धर्मकीर्ति पत्रिकाको प्रकाशन भयो । यो प्रत्येक महिनाको पूर्णिमामा प्रकाशन हुन्छ । अध्ययन गोष्ठी र यस पत्रिकाले बुद्ध धर्म प्रचार गर्न सजिलो भएको छ । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी संचालन गर्न र धर्मकीर्ति मासिक पत्रिका नियमित गर्न गुरुमांको ठूलो देन छ ।

**विहारहरूको निर्माण कार्य :**

धम्मवती गुरुमांको सक्रियता, निर्देशनमा र दाताहरूको सहयोगमा थुप्रै विहारहरू निर्माण भइसकेका छन् । ती यसरी रहेका छन् । काठमाडौंको धर्मकीर्ति विहार, लुम्बिनीको गौतमी विहार, धर्मकीर्ति बसुन्धरा विहार, बसुन्धरा, र ठाउँ ठाउँमा बनेका अन्य थुप्रै विहार हरू हुन् । उहाँको सक्रियता नहुँदो हो त यी विहारहरू बन्ने थिएनन् होला । उहाँको हस्तेलाई हैंसे गर्ने थुप्रै उपासक उपासिकाहरू छन् ।

**पुस्तक, कृति :**

पुस्तक र पत्रिकाको माध्यमबाट पनि बुद्ध धर्म प्रचार गर्न सकिन्छ र देशका विभिन्न ठाउँमा बस्ने धर्मप्रेमीहरूले पनि बुद्ध धर्म सिक्ने मौका प्राप्त गर्नेछन्



Downloaded from http://www.dhamma.digital

भन्ने कुरालाई ध्यानमा राखी उहाँले पुस्तकहरू लेख्नु भयो । यसरी नै धर्मकीर्ति मासिक पत्रिकाको पनि प्रकाशन भयो । यस पत्रिकाको प्रकाशक र सल्लाहकार धम्मवती गुरुमां नै हुनुहुन्छ ।

बहुजन हिताय बहुजन सुखायको लक्ष्य लिई धम्मवती गुरुमांले समाज सेवा गर्नमा तल्लिन भइरहनु हुन्छ । उहाँले समाज सेवामा ठूलो योगदान गर्नु भएको छ । एउटा काम सकिना साथ अर्को काम गर्न उहाँ उत्सुक हुनुहुन्छ । समाज सेवालाई कसरी निरन्तरता दिन सकिन्छ भन्ने बारेमा ज्यादै नै चिन्तनशील हुनुहुन्छ । उहाँले कुनै काम गर्न संकल्प गर्नुभयो भने जसरी भएपनि सफलतापूर्वक सम्पन्न गर्न तत्पर रहनु हुन्छ । सबैलाई अवगत नै होला समय समयमा स्वास्थ्य सेवा शिविर, सफाई कार्यक्रम, प्रौढ तथा बाल कक्षा संचालन विदेश भ्रमण, साथै २०६० सालदेखि बुहारी चेलीबेटी प्रशिक्षण कार्यक्रम संचालन गर्नुभयो । बुहारी चेलिवेटी प्रशिक्षण कार्यक्रम जुन सुन्नमा नै अनौठो छ, यसले गृहिणीहरूको आफ्नो घर परिवारमा व्यवहार कसरी राम्रो पार्ने कसरी मेलमिलाप वातावरण संचालन गर्न सकिन्छ भन्ने विषयमा शिक्षा दिने गरेकोले यसबाट गृहिणीहरू लाभान्वित भएका छन् ।

**नारी जागरण :**

राणाकालीन समयमा जन्मेकी धम्मवती गुरुमां जसले नारी जातिलाई शिक्षा दिनु हुँदैन भन्ने अन्धविश्वासको जरा हटाउन विभिन्न कार्यक्रमहरूमा नारी जागरण सम्वन्धि शिक्षा दिनु हुन्छ । नेपालमा महिलाहरूलाई गरिने शोषण, दमन र भेदभावलाई उहाँले हेर्न सक्नु हुन्न । महिला शिक्षित, चेतनशील भए घरको स्थिति राम्रो र शान्ति हुन्छ भन्ने कुरामा विश्वास गर्नु हुन्छ ।


**सम्मान विभुषण :**

उहाँको मेहनत, सक्रियता र सेवाको भावनालाई दृष्टिगत गरी बर्मी सरकारले उहाँलाई शासनध्वज धर्माचार्य र अग्ग महाग्रन्थवाचक पण्डित उपाधिले सम्मानित गरियो । यस्तै अन्तरराष्ट्रिय भिक्षुणी संघ, आनन्दकुटी विहार, नेवाः महागुठी, ज्यापु महागुठी आदिले अभिनन्दन गऱ्यो । ज्ञानमाला भजन खलःले ज्ञानमाला रत्नबत सिरपाः र नेपालभाषा परिषद्ले भाषा थुवाःको उपाधि धम्मवतीलाई प्रदान गरिसकेका छन् ।

अन्तमा, धम्मवती गुरुमांको दीर्घायु र सुस्वास्थ्य लाभ होस् भन्दै उहाँलाई शुभकामना प्रकट गर्दछु । ■

---

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो**



**ज्ञानज्योति कंसाकार**

*बुंदिं : वि.सं. १९७८ माघ ११ गते मंगलवा*

*मदुगुदिं : वि.सं. २०६१ आषाढ ९ गते, बुधवार*

नेपाःया बुद्ध शासनिक ख्यले आजीवन समर्पित उपासक धर्मानुदाता, धर्मकीर्ति पत्रिकाया विशेष सदस्य ज्ञानज्योति कंसाकार दिवंगत जुयादीगुलिं वयकःया छयेँजःपिसं संसारया अनित्य स्वभावयात स्वीकाः धैर्य धारण याय् फय्मा धकाः कामना यासे वयकःया पुण्य स्मृतिस विचाः हाय्का च्वना ।

**धर्मकीर्ति पत्रिका परिवार**

# धर्म प्रचार र बहुजनहिताय

■ श्यामलाल चित्रकार

भगवान बुद्धबाट प्रतिपादित अनुपम धर्मबाट धेरै जनाले लाभ उठाउन र हित सुख प्राप्त गरुन् भनि असिम करुणा राखी उहाँ भगवान बुद्धले आफ्ना पहिलो ६० जना अरहन्त भिक्षुहरूलाई एक्लै एक्लै धर्म प्रचारमा पठाउनु भयो र आफु पनि अनवरत रुपमा धर्म प्रचारमा लाग्नु भयो । भगवान बुद्धले ती भिक्षुहरूलाई सम्बोधन गर्नु भएको निम्न बुद्ध वचन स्मरण गर्नु सान्दर्भिक हुन्छ ।

**मुत्ताहं भिक्खवे, सब्बपासेहि ये दिब्बा ये च मानुसा तुम्हेपि, भिक्खवे, मुत्ता सब्बपासेहि ये दिब्बा ये च मानुसा चरथ, भिक्खवे, चारिकं बहुजन हिताय, बहुजन सुखाय...**

अर्थ- हे भिक्षुहरू, म देव र मनुष्यहरूमा हुने सबै प्रकारका क्लेशहरूबाट मुक्त भइ सकें। तिमीहरू पनि ती सबै क्लेशहरूबाट मुक्त भइ सक्यौ। धेरै जनाको हित र सुखको लागि धर्म प्रचार गर्न गाउँ नगर चारैतिर घुम्न जाउ ।

माथिको बुद्धवचनबाट एउटा महत्वपूर्ण कुरा के बुझ्नु पर्छ भने धर्म प्रचारमा लाग्ने व्यक्तिहरू उपरोक्त बमोजिम मार्ग फलमा नपुगेपनि आजको सन्दर्भमा कमसेकम असल चरित्र, इमान्दारीता, मिलनसारीता, दीनदुखी प्रति करुणा राख्ने, सहनसीलता, क्षमा इत्यादी गुणहरूले युक्त हुनु पर्दछ । आफू शुद्ध नभइ गरेको धर्म प्रचार त्यति प्रभावकारी हुन्दैन । कहिले काँहि उल्टो असर पनि पर्न सक्छ । बुद्ध शिक्षा प्रचार प्रसारको सिल सिलामा अध्ययन गर्ने परियत्तिमा मात्र जोड दिइएको देखिन्छ । आचरण सुधार्ने पटिपत्तिमा लागेको कम देखिन्छ । बुद्ध पुजा गर्ने, पञ्चशील ग्रहण गर्ने, परित्राण पाठ गर्ने गराउने, बुद्ध जयन्ती मनाउने इत्यादी कर्मकाण्ड र दस्तुर को रुपमा मात्र लिनु हुन्दैन । धर्म प्रचारको लागि बिहार बनाउनु, बुद्ध मुर्ति स्थापना गर्नु, पुस्तक र पत्रिका प्रकाशन गर्नु, प्रवचन गर्नु इत्यादी पूर्वाधारहरू अत्यावश्यक हुन् । तर धर्म प्रचारका खास उपलब्धी भनेको असल मान्छे बन्नु हो । जब सम्म मानिसले आफ्नो पुरानो कुसंस्कार हटाई आचरण शुद्ध पार्दैन तब सम्म धर्म प्रचारको उद्देश्य परिपूर्ति भएको मानिन्दैन ।

मानव कल्याणको लागि ज्ञानको खोजी गर्न राजकीय सुखभोग त्यागी ६ वर्षसम्म दु:ख कष्ट झेली घोर तपस्या गर्दा पनि ज्ञान लाभ भएन । पुरानो संस्कार र पुरानो पद्धतिबाट उद्देश्य पुरा भएन । खान पिन गरी शरीरलाई तन्दुरुस्त राखी यथाभुत दर्शन गर्दै विपश्यना ध्यान गरे पछि मात्र ज्ञान लाभ भयो र सिद्धार्थ कुमार बुद्ध हुनु भयो । बुद्धले प्राप्त गरेको गहनतम ज्ञान बुझ्न धेरै गाह्रो छ, धर्म प्रचारमा लागेको मेहेनत खेर जान्छ, अत: धर्म प्रचार किन गर्न जाने भनि केहि क्षण बुद्ध पनि हतोत्साही भएको कुरा त्रिपिटकमा उल्लेख भएको पाइन्छ । उहाँको ज्ञान बुझ्ने कोहि त होला भनि सम्झेर भगवान बुद्ध उरुबेला-बुद्धगयाबाट पाँच जना सहयोगी साथीहरू बसी रहेको ठाउँ - ऋषिपतन, सारनाथ जानुभयो र तिनीहरूलाई पहिलो पटक धर्मदेशना गर्नुभयो । उक्त धर्म देशनालाई धर्मचक्र प्रवर्तन सूत्र भनिन्छ । यो धर्म देशना सुनेर ती पाँच मध्ये कौण्डन्य अरहन्त भए । त्यही कौण्डन्यले सिद्धार्थ कुमार बुद्ध हुन्छ भनी एक्लैले ठोकेर भविष्यवाणी गरेको थियो तर त्यही व्यक्तिले भगवान बुद्धले "म बुद्ध भएँ" भन्दाखेरी पत्याएन । यो सबै कुरा कौण्डन्यमा भएको पुरानो संस्कारको नतिजा हो । धर्मचक्र प्रवर्तन सूत्रमा अतीमार्गहरू त्याग गरी मध्यम मार्ग अपनाउने, चार आर्य सत्य र आर्य अष्टाङ्गिक मार्गहरूका कुराहरू उल्लेखित छन् । बुद्धले ति गहनतम ज्ञान स्वयम कसरी लाभ गरे भन्ने जिज्ञासाका कुरा हुन् । आफूमा भएका सम्पूर्ण क्लेशहरू निर्मूल गरी, पुराना संस्कारहरू हटाई र चित्तलाई परम शुद्ध गरेपछि मात्र उहाँले बुद्धत्व लाभ गर्नु भयो । उहाँमा पुराना चित्त मयलहरू मतलब कुसंस्कार कुनै बाँकी रहेन र पछि पनि चित्तलाई तटस्थ राखी उहाँले नयाँ सँस्कार पनि बनाउनु भएन । उहाँको चित्त असँस्कृत भएकोले नै जन्म मरणबाट मुक्त भए र दु:ख निरोध भई निर्वाण पद प्राप्त गर्नु भयो ।

यहाँनीर भगवान बुद्धले आफु बुद्ध भएको लगतै बोल्नु भएको उहाँको पहिलो वचन स्मरण गर्नु उपयोगी हुने ठान्दछु ।

**अनेकजाति संसारं सन्धाविस्सं अनिब्बिसं, गहकारकं गवेसन्तो दुक्खा जाति पुनप्पुन**

**गहकारक दिट्ठोसी पनगेहं न काहसि, सब्बाते फासुका भग्गा गहकुतं विसंखतं,**

**विसंखारगतं चित्तं तन्हानं खयमज्झगा ।**

अर्थ- निर्वाण प्राप्त नभएसम्म संसारको अनेकौं जन्ममा घर बनाउनेलाई खोजे तर फेरि फेरि दु:ख मात्र पाएं । अब घर बनाउनेलाई देखें । फेरि घर बनाउन सकिंदैन । त्यसको सबै औजारहरूलाई भांचिदिएँ । घरधुरि





Downloaded from http://www.dhamma.digital

पनि भत्किसक्यो । चित्त संस्कार विहिन भइसक्यो र तृष्णा क्षय भइसक्यो ।

उपरोक्त बुद्ध बचनबाट के बुझिन्छ भने जुनसुकै परिस्थितिमा पनि चित्तलाई विचलित नपारि अक्षुण्ण राख्नु र दु:खको मुल कारण तृष्णालाई नाश गर्नु धर्म हो । अरुलाई हित हुने खास कुरा पनि यहि ज्ञान हो । प्रकृतिको स्वभाव, चित्तको स्वभाव, राम्रो आचरण गर्नु, धर्म ग्रन्थमा उल्लेखित कुरालाई पनि धर्म मान्दछन । कोही परम्परादेखि चलिआएको संस्कृतिलाई संरक्षण गर्नु, मठ मन्दिर घुम्नु, देवी देउताको पूजा पाठ गर्नु पनि धर्म मान्दछन् । अत: धर्म प्रचार गर्नेले धर्मको र बहुजन हितायको सहि अर्थ जान्नु अति आवश्यक छ । सही धर्म कुन हो भन्ने बुझ्नु सम्यक दृष्टि, स्वतन्त्र चिन्तन र स्वअनुभव चाहिन्छ । रोगीको सेवा गर्नु, अन्न बस्त्र दान दिनु, बाल अनाथालय खोल्नु, बृद्धाश्रम खोल्नु, शिक्षाको व्यवस्था मिलाउनु, खानेपानीको बन्दोबस्त गर्नु, बृक्षारोपण गर्नु इत्यादी जनहितका कुराहरू हुन् । सामाजिक प्राणी भइ समाज सेवामा लाग्नु सन्तोषको कुरा हो र लोक धर्म पालन गरेको ठहर्छ । तर भगवान बुद्धले भनेको बहुजन हितायको अर्थ लोक धर्ममा सिमित राख्नु उक्त वचनको वास्तविक अर्थ नबुझेको ठहर्छ । बुद्ध शिक्षा लोकुत्तर मार्गफल सम्म प्राप्त गर्न सकने शिक्षा हो । बुद्धको समयमा भिक्षु भिक्षुणी तथा उपासक उपासीकाहरू धेरैले मार्गफल लाभ गरे । आजको परिस्थितिमा त्यसमा पनि नेपालमा बहुजन हितायको व्यापक अर्थमा चरितार्थ गर्न नसकेतापनि सिमित अर्थमा मात्र निरन्तर लाग्न सकेमा पनि कल्याण नै हुन्छ ।

संक्षिप्तमा धर्म भन्नाले कुनै प्रकारको पाप कर्म नगर्नु, कुशल कर्मजति सबै गर्नु तथा चित्त शुद्धी गर्ने कार्यलाई जनाउँछ साथै जन कल्याण र जनहितको कार्यहरू मध्ये धर्म दान नै उत्तम कार्य हो । ■

**"सब्ब दानं धम्म दानं जिनाति"**

# खण्ड ज्ञान भन्दा अज्ञाननै वेश

**■ नरेन्द्रनाथ भट्टराई**

आँखा बन्द गर्नु अज्ञान हो र आँखा खुला गर्नु ज्ञान हो । आज हामी लाखौं, करोडौं मानिस खुला आँखा भएर पनि अज्ञानमै छौं किन त ? बाहिरबाट देखिने र बाहिर देख्ने हाम्रा दुई नेत्र छन् जसलाई चर्मचक्षु भनिन्छ, हाम्रो तेस्रो एउटा नेत्र पनि जसलाई त्रिनेत्र अर्थात् ज्ञानचक्षु पनि भनिन्छ । त्यही तेस्रो नेत्र खोल्नुपर्छ, त्यही तेस्रो नेत्र खुलेमा मात्र मानिस ज्ञानी बन्दछ । त्यो नेत्र बन्द भइन्जेल ज्ञानले नै ढाक्दछ । यो तेस्रो नेत्रलाई दिव्यदृष्टि पनि भनिन्छ । यो तेस्रो नेत्रबाट देखिएका कुरा मात्र सच्चा देखिन्छन् । तेस्रो नेत्रको अभावमा देखिने र देखिएका सबै कुरा काल्पनिक र अनित्य हुन्छन् ।

यस विषयमा हामी सबैले पढेको, जानेको, सुनेको एउटा कथा छ: "हात्ती र ६ जना अन्धाहरू" । यो कथा सामान्य जस्तो देखिए पनि यस कथामा ज्ञानको ठूलो रहस्य लुकेको छ । एउटा गाउँमा ६ जना अन्धा मानिस थिए । एकदिन त्यो गाउँमा माउतेले चराउन र घाँस खोज्न भनी एउटा हात्ती ल्याएछ । गाउँका सबै केटाकेटी रमाउँदै, कराउँदै, 'हात्ती आयो', 'हात्ती आयो ।' भनेको ती अन्धाहरूले पनि सुनेछन् र हात्ती कस्तो हुँदो रहेछ भनेर हात्ती भएको ठाउँमा गएर हात्तीलाई हातले छामेर यस्तो रहेछ भनी थाहा पाउन खोजे । एकजना अन्धाले पुच्छर समातेर, ए हात्ती त डोरी जस्तो पो हुँदोरहेछ भन्ने ठाने, 'अर्काले आङ समातेर, हात्ती त भित्ता जस्तो हुँदोरहेछ, अर्काले कान समातेर नाङ्लो जस्तो र अर्काले खुट्टा समातेर खम्बा जस्तो हुँदोरहेछ भन्ने जानेर फर्के । आफ्नो स्थानमा आएपछि आ-आफ्नो ज्ञान भन्न थाले, कहिल्यै नटुंगिने विवादमा परे । आ-आफ्नो भनाइमा, सोचाइमा सबै ठीक थिए तर पनि वास्तविकतामा सबै गलत थिए ।

कथा थाहा भएर मात्र पुग्दैन । हामी धेरेजसो पनि आज हात्ती बुझेका ६ जना अन्धा जस्तै एकसरो अधुरो ज्ञान भएका तथाकथित ज्ञानी, विद्वान् र धर्मावलम्बीहरूको व्याख्या र प्रभावमा परेर एक अंशलाई नै अर्थात् खण्ड-खण्डलाई नै धर्म, ज्ञान, भगवान्, सत्य सम्झेर पछि लागेर अन्धविश्वासमै परेर, बसेका छौं । यसरी खण्डलाई नै पूर्ण मानेर विश्वासमा परिरहेकोले नै दु:खमा पर्नु परिरहेको छ । एक अंशलाई समातेको भरमा यही मात्र पूरा हो भन्नेसँग सावधान भएर आफ्नै तेस्रो नेत्र अर्थात् ज्ञानचक्षु खोल्नतिर लागेमा नै पूर्णको, सत्यको, परमात्माको अनुभूति हुन्छ अन्यथा हुँदैन । ■

# महाराज प्रसेनजित

■ कल्याणमित्र स.ना.गोयन्का

महाराज प्रसेनजित कोशल राज्यको स्वामी थिए। शाक्यहरूको जनतन्त्र कपिलवस्तु पनि कोशलको अधीनमा थियो। त्यस्तै कोलिय, मल्ल, मौर्य र कालामा प्रदेश पनि कोशल राज्यको अधीनमा थियो।

गौतमबुद्धसँग पहिलो पल्ट भेट् हुँदा नै अन्य धर्माचार्यहरूको तुलनामा बुद्धको उमेर कम भएकोले उहाँले प्राप्त गर्नु भएको बुद्धत्व प्रति संदेह प्रकट गरेको थियो। तर पछि भगवान बुद्धले दिनु भएको उत्तर सुनेर सन्तुष्टि प्रकट गरेको थियो राजा प्रसेनजितले।

बुद्ध प्रति उनको श्रद्धा बढ्दै गयो। अनन्य श्रद्धा पुष्ट हुनुमा केहि समय लाग्यो। राजा प्रसेनजितमा भन्दा उनकी रानी मल्लिकामा बुद्ध प्रति श्रद्धा छिटो जाग्यो। एक पटक भगवान बुद्धले दिनु भएको धर्म उपदेश सुनेर मल्लिकाले अनुमोदन गरे, यो देखेर राजा प्रसेनजितलाई रिस उठ्यो र रिसाएर भन्यो, "मल्लिका तिमी बुद्धले बताउनु भएको प्रत्येक कुराको अनुमोदन गर्दैछौ, तिमी उनको अन्ध भक्त हुँदैछौ, तेरो नाश होस्।"

आफ्नी श्रीमतीलाई बुद्धको भक्त भएको कारण नाश होस् भनेर श्राप दिएका राजाले एक पटक भगवान बुद्धको परिक्षा लिने दुस्साहस पनि गरेका थिए। भगवान बुद्ध विशाखाले निर्माण गरिएको पूर्वाराम विहारको बाहिर बसिरहेका थिए, प्रसेनजित उहाँलाई भेट्न गए। त्यसै समयमा सात जना जटाधारी मानिसहरू, सात जना नग्न मानिसहरू, सात जना एकवस्त्रधारी र सात जना परिब्राजकहरू नजिकैबाट आइरहेको थियो प्रसेनजितलाई थाहा थियो कि ती सबै उनैको जासूसी व्यक्तिहरू हुन्। बुद्धको परिक्षा लिदै थियो, प्रसेनजित ती व्यक्तिहरू तर्फ फर्केर उनीहरूलाई नमस्कार गर्दै भगवान बुद्धलाई भने कि यी सबै अरहन्त तथा अरहन्त गामी व्यक्तिहरू हुन्? भगवानले यसको उत्तर दिदै भन्नु भयो, "होईन, यिनीहरू त कामभोगी गृहस्थ व्यक्तिहरू हुन्।" प्रसेनजितले भगवानको कुरालाई तुरून्त स्वीकार गर्नुपर्‍यो।

प्रसेनजित बुद्धको उमेरका व्यक्ति थिए, सानै उमेर देखि दुईको सम्पर्क भएको थियो। अस्सी वर्षको उमेरसम्म दुवै संग संगै रहेको थियो। अन्य धर्माचार्यहरूको तुलनामा बुद्धको महानता देखेका थिए। उनी आश्वस्त थिए, भगवान बुद्धप्रति उनको अब गहिरो श्रद्धा थियो, श्रद्धा विह्वल भएर भगवानको चरणमा आफ्नो शीर राखेर एक पटक भनेको थियो– "भन्ते, म कोशलको राजा प्रसेनजित हुँ, म कोशलको राजा प्रसेनजित हुँ।"

यस्तो अद्भुत श्रद्धा प्रकट गर्नुको कारण भगवानले सोध्नु भयो। उत्तरमा उनले भने– भन्ते भगवानसंग मेरो धर्मको सम्बन्ध।

**सम्मासम्बुद्धो भगवान** - भगवान सम्यक सम्बुद्ध हुनुहुन्छ।

**स्वाक्खातो भगवता धम्मो** - भगवानको धर्म सुआख्यात छ।

**सुप्पटिपन्नो भगवतो सावकसङ्घो** - भगवानको श्रावकसंग सुप्रटिपन्न छ।

भगवान पनि क्षत्रिय हुनुहुन्छ, म पनि क्षत्रिय हुँ।

भगवान पनि कोशलदेशको हुनुहुन्छ, म पनि कोशल देशकै हुँ।

भगवान पनि अस्सी वर्षको हुनुभयो, म पनि अस्सी वर्षको छुँ।

यस घटनाको केही समय पछि नै कोशल नरेशको देहान्त भयो। जीबनको अन्तिम समयसम्म नै भगवान बुद्धको प्रति परम श्रद्धालु बनीरहे। ■

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो**



**स्व. गंगा कुमारी शाक्य**

जन्म : वि.सं. २००२।९।१०

दिवंगत : वि.सं. २०६१।२।१६

म्याग्दी बौद्ध संघका सदस्य श्री कृष्ण शाक्यकी माता ५९ वर्षको उमेरमा असामयिक निधन हुनु भएकोले दिवंगत आत्माको निर्वाणको कामना गर्दछौं।

**म्याग्दी बौद्ध संघ, परिवार**

बेनी, म्याग्दी



Downloaded from http://www.dhamma.digital

# गोही र बाँदर

■ केदार शाक्य

उहिले नै एउटा गाउँको छेउमा घनाजङ्गलको उपत्यका थियो । चारैतिर हरियाली थियो । थरीथरीका फलफूलहरू लटरम्म झुलिरहेका थिए । त्यही जङ्गलमा एउटा चलाख बाँदर पनि थियो । घनाजङ्गलको बीचमा कलकलगरी नदी बग्दथ्यो । नदीमा एक गोही दम्पती बस्दथे । बाँदर र गोही दुवैको आपसमा मित्रता थियो ।



एकदिन गोहीकी पत्नीले पति सँग आग्रह गर्दै भनी– 'स्वामी ! मलाई तपाईंको मित्र बाँदरको मुटु खाने इच्छा भइरहेछ । तपाई पूरा गरिदिन सक्नु हुन्छ ?'

पत्नीको आग्रह सुनेर गोहीले आफ्नो पुरुषार्थ देखाउँदै भन्यो– 'प्रिय ! तिम्रो इच्छा म अवश्य पूरा गरिदिन्छु । तिमी धन्दा नमान भन्दै गोहीले आफ्नी पत्नीलाई मायालु आश्वासन दियो ।

गोहीले बाँदरलाई नदीमा डुबाई मारेर उसको मुटु आफ्नी पत्नीलाई दिने मनमनै निश्चय गऱ्यो । एकदिन मौका पारेर गोहीले बाँदरलाई भन्यो– 'मित्र ! नदीपारि अर्को टापुमा जाऔं । त्यहाँ मीठो मीठो आँप, जामुन, आदि थुप्रै फलफूल खान पाइन्छ । यस्तो रुखासुखा ठाउँमा कति बस्नु ?'

बाँदरले विचार गऱ्यो । साँच्ची हो त नि, यहाँको मात्र फलफूल कति खानु ? मित्र गोहीको कुरा ठीकै त होला भन्ने सोचेर बाँदरले भन्यो– हुन त हुन्छ तर मलाई पौड्न आउँदैन नदीपारि कसरी जाने ?'

बाँदरको कुरा सनेर गोहीले भन्यो– 'त्यसमा तिमी धन्दै नमान । म तिमीलाई पिठ्यूँमा बोकेर पारि पुऱ्याइदिन्छु ।'

गोहीको भित्री मनसाय नबुझीकन हुन्छ त जाऔं भनी बाँदर बुर्लुक्क उफ्रेर गोहीको पिठ्यूँमा बस्यो । केही पर पुगेपछि गोहीले पानीमा डुबुल्की लगाउन थाल्यो । बाँदरले तुरुन्तै अनिष्ट हुनलाग्यो भन्ने बुझेर एकैछिन पर्ख है मित्र, भन्दै 'तिमीले मलाई किन डुबाउन लागेको ? भनी सोधनी गऱ्यो ।

गोहीले बाँदरलाई अप्ठेरोमा पारिसकें भन्ने सोचेर भन्यो– 'म तँलाई मारेर तेरो मुटु मेरी पत्नीलाई खुवाउँछु । बुझिस् ? अब तेरो मेरो मित्रता कट्टी ।'

यो सुनेर बाँदरले चलाखी गर्दै भन्यो– 'के तिमी आफ्नी पत्नीलाई साँची नै मेरो मुटु खुवाउन चाहन्छौ ।'

हो, म साँची तेरो मुटु पत्नीलाई खुवाउन चाहन्छु ।' गोहीले निर्दयी भएर तुरुन्तै जवाफ दियो ।'

'धत् पाजी ! तिमी त मभन्दा पनि सान्है मुर्ख रहेछौ । के तिमी मेरो मुटु छातीभित्रै हुन्छ भन्ने ठान्छौ ?' बाँदरले भन्यो ।

'त्यसो भए कहाँ राखेका छौ त ?' गोहीले अधैर्य हुँदै सोध्यो ।

'ऊ .... त्यो नदीपारि रूखमा तुर्लुङ्ग झुण्डिएको रातो रातो गेडी देख्यौ ?' बाँदरले नदीपारि फलिरहेको रातो हलुवाबेद देखायो ।

गोहीले केही मन्थर हुँदै भन्यो– 'हो देखें ।'

'त्यही त हो मेरो मुटु ।' बाँदरले मौका छोपेर भनिहाल्यो ।

'तिमी मलाई त्यो दिन्छौ त ?' गोहीले केही आशा गरेर भन्यो ।

बाँदरले व्यंग्य गर्दै भन्यो– 'दिन्छु । किन नदिनु तिमीजस्तो मित्रलाई । अवश्य दिन्छु ।'

गोही जडबुद्धिको थियो । उसले बाँदरलाई नदीमा डुबाएर मार्ने विचार छाडेर पिठ्यूँमा राखेरै नदीबाट जमिनमा हलुवाबेदको बोटमुनि पुऱ्यायो । बाँदर पिठ्यूँबाट

बुर्लुक्क उफ्रेर हलुवाबेदको हाँगामा बस्यो ।

हलुवाबेदको डाँठ र पात हल्लाउँदै बाँदर खुशीले पिङ खेल्यो । एउटा गुलियो हलुवाबेद मुखमा टोक्दै गोहीलाई भन्यो 'हे, दुष्ट, गोही ! मैले आफ्नो बुद्धिले जमिनमा आएर नदीमा डुब्नबाट आफूलाई बचाएँ । अब म तेरो चंगुलमा कहिल्यै पनि फँस्नेवाला छैन बुझिस् ?'

बाँदरले आफूलाई बुद्धिको बलले गोहीको हातबाट मर्नबाट बचाएपछि नदीपारी टापुमा जतिसुकै मीठो मीठो फलफूल आँप, जामुन, कटहर आदि भएपनि अब खाने इच्छा रहेन भन्ने सोचेर बाँदरले गोहीलाई भन्यो–

'दुष्ट गोही, तेरो मित्रद्रोही कुटिलचाल मैले बुझें । मलाई त मेरै जङ्गलको काँडाघारीमा फल्ने बयर नै ठीक छ । तेरो मीठो आँप, जामुन चाहिँदैन । जसले कसैको मीठो बोलीमा छिटै विश्वास गर्छ, पछि उसले पछुटाउन पर्छ ।' बाँदरले भन्यो ।

उसले फेरि भन्यो– 'मुखबाट कुरा फुत्कने वित्तिकै जसले तुरुन्तै मनसाय बुझ्दछ ऊ शत्रुको हातबाट पनि बच्दछ । पछुताउन पर्दैन ।'

बाँदर गोहीको कालो कर्तुतबाट बच्न सफल भएकोमा सन्तोष मान्दै त्यहाँबाट जङ्गलतिर लाग्यो । स्वच्छन्द भएर जङ्गलमा डुल्दै मनलागेको फलफूल खाँदै जीवन गुजारा गर्न थाल्यो ।

गोही आफ्नो चाल सफल नभएपछि स्वास्नीलाई कसरी मुख देखाउने भन्ने लाजले नदीबाट बाहिर निस्कन पनि सकेन । बाहिर कहिले काहीं घाम ताप्न निस्किए पनि कसैको आहट थाहा पाएपछि तुरुन्तै झाडीमा गएर लुक्ने गर्नथाल्यो । स्वास्नी चाहिले उसलाई नदीको किनार, झाडी हिलोदह आदि ठाउँहरूमा खोज्न थाली र तर कहीं पनि भेट्न सकिन । त्यही झोंकले पोथी गोही मकैबारीतिर डुल्ने गर्दा रिसले जथाभावी पुच्छर हल्लाउँथी र मकैबारी



फाँडिदिन्थी । खराब विचारले बाँदरको मुटु खाने इच्छा गरेकी हुँदा उसको इच्छा कहिल्यै पूरा भएन । बरु उल्टै आफ्नो पति गुमाउनु पर्‍यो ।

गोहिनीले त्यसबेलादेखि आफ्नो पतिलाई भेट्न सकिन नभेटेपछि बहुलाही जस्ती भएर अरूको बालीनाली विमाख गरेर हिँड्ने भई । गाउँका केटाकेटीले ढुङ्गो हान्दै लखेटेर गाउँमा पनि पस्नै दिएमन् । गोहिनीले पाउनुसम्म दुःख पाई । धेरै हण्डर खाएपछि हैरान भएर ऊ एकदिन आहारा खोज्न निस्केको बेला शिकारीहरूले भेटेर जालमा पारेर लगे । उसको छाला काडे । धेरै मूल्य लिएर बेचे । ■

*(साभार: मुना)*

## भूल सुधार

धर्मकीर्ति पत्रिका वर्ष २२; अङ्क ३ को पेज १४ मा रक्तदाताहरूको नामावलीमा नं. ५५ को मदन रत्न मानन्धर हुनुपर्नेमा अन्यथा हुन पुगेकोले सच्याइएको छ । – सं.



Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्मानुसार नयाँ जीवनको शुरुवात
## (The Origin of Life in Buddhist View)

लेखक - Assist. Prof. Dr. Banjob Bannaruji
भावार्थ - भिक्षु सुजनकीर्ति, बैंकक

प्रतिच्चसमुप्पाद सूत्रमा एउटा वाक्य भनिएको छः ... **विञ्ञाण पच्चया नामरुपं**... अर्थात विञ्ञाणको कारण नामरुपको उत्पत्ति भयो (Depending on Vinnana, Nama rupa arises)। त्यसैले बुद्धधर्मानुसार जीवन नै यो विञ्ञाण (-विज्ञान) सहित नामरुपलाई बुझिन्छ।

त्यसैगरी त्रिपिटकको सुत्रपिटकको महातण्हासंखय सूत्रमा भगवान बुद्धले मानिसको नयां जीवन तिन अंगको पूर्ण पश्चात उत्पत्ति भन्नुभएको छ। ती अंगहरू–

१. बुबा आमा बिच शारीरिक सम्पर्क हुनु। (Parental sexual relation)
२. आमा गर्भवती लायक समय। (Mother's readiness to be pregnent)
३. गन्धब्बले प्रवेश गर्नु। (New life entering the mother's womb)

नयां जीवन पाली शब्दको सरल भावार्थ हो र यसले सम्पुर्ण सत्वलाई नै जनाउँदछ। बुद्धधर्मानुसार सम्पुर्ण प्राणीहरूको जीवन एक प्रकारको भवचक्र हो, जुन सबै प्राणीहरू जन्मनु र मर्नु नै पर्दछ।

मानिसको नयां जीवन आमाको कोखमा कसरी प्रवेश गर्दछ ? र गन्धब्ब कसरी हाम्रो शरीरमा विकाश हुन्छ ? यस प्रश्नको उत्तर बुद्धले भिक्षु आनन्दलाई प्रष्ट रुपमा दिनुभएको वार्तालाप प्रवित्र त्रिपिटकको दीघनिकायको महानिदान सुत्रमा अंकित भएको छ।

"...विञ्ञाणको कारण नाम (-मन) रुप (-शरीर) को उत्पति हुन्छ,...यदि विञ्ञाण (-चित्त सन्तति जीव) आमाको कोखमा नआएको भए के मन र शरीरको उत्पति हुन सक्ला ?"

"उत्पति हुन सक्दैन भन्ते।"

"पुनः यदि विञ्ञाण आमाको कोखमा प्रवेश गर्यो तर परिवर्तन भएर निस्क्यो (-गर्भपात) भने के मन शरीर को उत्पति हुन सक्ला ?"

"हुन सक्दैन भन्ते।"

"...र विञ्ञाण आमाको गर्भमा उत्पति भएर कुमार वा कुमारी भईसके पछि यदि विञ्ञाण छिन्न भिन्न भएर गएमा के मन र शरीरको वृद्धि र विकाश हुने अवसर पाउन सक्ला ?"

"पाउन सक्दैन भन्ते।"

"...त्यसैले यी कारणहरूले गर्दा विञ्ञाण नै नाम (-मन) र रुप (-शरीर) को मूलहेतु (Root) हो। नाम रुप उत्पतिको प्रमुख कारण (Cause) हो। नाम र रुपको यथार्थ स्वरूप (Origin) र स्वभाव (Condition) नै विञ्ञाणको कारण हो।"

यो वार्तालापबाट कुनैपनि नयां सत्वको जन्म आमा बुबा बिचको शारीरिक सम्पर्क सहित विञ्ञाणले प्रवेश गरेपश्चात शुरु हुन्छ भनि प्रष्ट्याउँदछ। यो प्रवेश जनक विञ्ञाणलाई पतिसन्धि विञ्ञाण (Patisandhi Vinnana) वा प्रतिसन्धि विज्ञान अर्थात् नयां जन्मरुपी विज्ञान (Birth consciousness) भनिन्छ।

त्रिपिटकको खुद्दकनिकायमा प्रतिसन्धि विज्ञानको प्राकृतिक स्वभावलाई ४ प्रकारको लक्षणले युक्त भनिएकोछ। ति हुन्–

१. विना रुपको वा शरीर नभएको (Formless)
२. सर्वत्र जाने वा टाढा टाढा जने (Far going)
३. प्रतिक्षण उदय व्यय (appearing and disappearing moment to moment)
४. शरीर रुपी गुफामा बास बस्ने (Having body as the resting place)

त्यसैले आमाको कोखमा प्रवेश गर्ने विज्ञानलाई नै नयां जीव वा कुनैपनि सत्वको नयां जीवनको शुरुवात हो। तर आमाको कोख त्यो विज्ञानको क्षणिक आरामको ठाउं मात्र हो। विज्ञानको प्रवेश संगै नयां सत्व जन्माउने फुललाई (विर्य) उब्जाउ गरीन्छ (Fertilized egg or Zygote)। जहां बुबाको शुक्रकित (Soprm) आमाको गर्भासयको भूणकोणमा (Ovum) मिसिन पुग्दछ।

Zygote अथवा युग्मशुक्रकिटलाई बुद्धधर्मानुसार कलल (Kalala) भनिन्छ। त्यसपछि त्यो कलल (शुक्रकिट) आमाको कोखमा उचित वातावरण पाएपछि बिस्तारै बिकाश हुँदैं बृद्धि भई पूर्ण रुपमा बिकाश भएको स्थिति नै मानिसको पूर्ण रुप हो। त्रिपिटकको सुत्रपिटकको संयुक्त निकायको इन्दक सुत्रमा (सं.स १५।८०३।३०३ थाई) आमाको कोखमा यो शुक्रकिटको बिकासको बारेमा बुद्धले यसरी वर्णन गर्नुभएको छ।

> "...सर्वप्रथम कलल हुन्छ, त्यसपछि अब्बुद। अब्बुदबाट पेशीमा विकाश हुन्छ, त्यसपछि घन। घनबाट पञ्चशाखामा, र पछि बाकि अंग रौं नंग आदिको बिकाश हुन्छ।
>
> ... आमाको कोखमा रहुन्जेल आमाले परिभोग गरेको खानेकुरा नै गर्भमा रहेको सत्व (-बच्चा) को आहार हुनेछ।"

यो सूत्रानुसार मानिसको उत्पतिमा प्रथमत: बुबा आमाको शुक्रकिट मिश्रण कललको उत्पति हुन्छ । यो कललबाट बिकाश भई अब्बुदमा परिणत हुन्छ । यो कललबाट बिकाश भएको अब्बुद पनि बिकाश भई पेशीमा परिणत हुन्छ । पेशीमा विकाश भएपछि घनमा बिकाश हुन्छ । घनबाट पांच शाखाहरूमा बिकाश हुन्छ । पंचशाखाको बिकाश पश्चात् अरु बाकि अंगहरू जस्तै रौं नंगहरूको बिकाश हुन्छ । यसरी आमाको कोखमा ९ देखि १० महिना सम्म बस्दा त्यो बच्चालाई आवश्यक पोषण पदार्थ आमाले परिभोग गरेको खानेकुरा नै त्यो सत्व (-बच्चा) को आहार हुनेछ । त्यसैले गर्भवति आमालाई पोषिलो खानेकुराहरू खुवाउने गरिन्छ ।

आमाको गर्भमा रहेको बालकको बिकाश हरेक हप्तामा परिवर्तन भएको हुन्छ । सर्वप्रथम कललबाट अब्बुदमा बिकाश, अब्बुदबाट पेशीमा बिकाश, पेशीबाट घनमा बिकाश, घनबाट पंचशाखामा बिकाश, पंचशाखाबाट बाकि अंगहरू जस्तै रौं नंगहरूको बिकास हरेक सात दिनमा हुने गर्दछ । त्यसैले कललबाट एक बच्चाको (सत्व) पूर्ण विकसित हुन ४२ हप्ता (१० महिना = २९४ दिन लागदछ र जन्मन लायकावस्था हुने छ भनि सारत्थपकासिनीअट्ठकथाले प्रष्टयाउँदछ ।

त्यसैकारणले मानिसको नयां जीवनको शुरुवात कहिले हुन्छ भन्ने प्रशनको उत्तरमा हामी सजिलै भन्नसक्दछौं कि मानिसको नयां जीवन जतिबेला बुबा आमा बिच शारीरिक सम्पर्क हुन्छ र प्रतिसन्धि विज्ञान आमाको गर्भासयमा प्रवेश गर्दछ । त्यही नै मानिसको नयां जीवनको शुरुहो । त्यसपछि प्रतिसन्धि विज्ञान विलाएर भवंग विज्ञानमा परिवर्तन भई नाम, रुप सहित मुटु र लिंग गरी तिन प्रकारको बिकाश पश्चातको पूर्ण रुप र आमाको कोखबाट जन्म लिएको नै एक मानिसको नयां जीवनको कर्मभूमिको शुरुवात हो ।

यसबाट हामी थाहा पाउन सक्दछौं कि आमाको कोखमा रहेको कलल अति नै नरम शुक्ष्म र दुरन्वेषीय छ । तरपनि यो ठाउंमा दुवै प्रतिसन्धि विञ्ञाण र भवंग विञ्ञाणको वासस्थान हो । त्यसैले मानिसको जीवन यो कललको उत्पति संगै भइसकेको हुन्छ ।

कललको पूर्णरुप नै एक नयां जीवन हो । यदि कसैले यस कललालाई नष्ट वा गर्भपात गरे प्राणीघाट ठहरिन्छ । यो कार्य बुद्धधर्मानुसार एक अकुशल कार्य हो र मानिसको ज्यान लिएको बराबर हुन्छ । ■

सन्दर्भ पुस्तकहरू
- त्रिपिटक र अट्ठकथा (-थाई)
- दुण्ड बहादुर बज्राचार्य, दीघनिकाय, मज्झिमनिकाय र संयुक्तनिकाय, वीर-पूर्ण पुस्तक संग्रहालय, नेपाल (-भावार्थमा सम्बन्धित पुस्तकहरू)
- Dr. Banjob Bannaruji; प्रतिच्चसमुप्पाद, धम्मसभा, बैंकक, २५३५.
- P.A. Payutto; Dependent Orination : the Buddhist Law of Conditionality. Buddhadarma foundation, BKK, 1994

## विदा: हायेका

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो ।



बूगु दिं :
वि.सं. २०१४-१०

मदुगु दिं :
वि.सं. २०६१-३-२२

**मदुम्ह मयूजु नीता केशरी श्रेष्ठ**
पशुपती, यें

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य, धर्मकीर्ति अध्ययन गोष्ठीया साधारण सदस्य व धर्मकीर्ति पुस्तकालयया सञ्चालन सहयोगी नीता केशरी श्रेष्ठ ध्वहे मिति २०६१-३।२२ गते ४७ दँया वैशय् दिवंगत जुयादीगुलिं वयूक:या छयेँज:पिन्सं प्रकृतिया अनित्य स्वभावयात ध्वीका: धैर्य धारण यायूफयूमा धका: कामना यानाच्वना । साथय् वयक:या गुणानुस्मरण यासे पुण्यानुमोदन याना च्वना ।

**धर्मकीर्ति पत्रिका परिवार**
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी परिवार, धर्मकीर्ति पुस्तकालय परिबार**



Downloaded from http://www.dhamma.digital

# अल्पकालीन दुर्लभ प्रव्रजित जीवन र सतिपट्ठान विपश्यना भावनाः मेरो एक अनुभव

■ सुशिल शाक्य

भगवान बुद्धको जन्म, बोधि ज्ञान प्राप्ति र महापरिनिर्वाण भएको पवित्र दिन बैशाख पूर्णिमाको उपलक्ष्यमा रुद्रवर्ण महाविहार, बुद्ध जयन्ति समारोह समिति, ओकुबहाल र अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूलको संयुक्त आयोजनामा मिति २०६१ साल बैशाख १२ गते देखि २३ गते सम्म अल्पकालीन श्रामणेर प्रव्रज्या र सतिपट्ठान विपश्यना भावना शिविरमा ३६ जना प्रव्रज्या हुने मध्ये म पनि एक थिएँ ।

कार्यक्रम अनुसार बैशाख १२ गते सबै जना ओकुबहालको त:ननीमा भेला भयौं र त्यहाँ कपाल खौरने काम सम्पन्न भयो । सो कार्य सके पछि सबै प्रव्रजित हुनेले सेतो कपडा लगायौं । त्यसपछि वर्षक्रमानुसार पंक्तिबद्ध भई अन्दाजी २ बजे तिर सो ठाउँबाट हामीहरू अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूलको लागि प्रस्थान भयौं । शंखमूलमा पुगे पछि आ-आफ्नो नाउँ अनुसारको कोठामा ओछ्यान मिलाउने कार्य भयो । त्यसको केही समय पछि जलपान भयो र अन्दाजी ४ बजे तिर प्रव्रजित हुनको लागि धम्महलमा जम्मा हुन पुग्यौं । हामीहरू पुगेको केही समय पछि श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर, सयादो उ सुजनपिय, सयादो वण्णिसार, भद्दिय भन्ते तथा अरु श्रद्धेय भन्तेहरूको आगमन पछि शील प्रार्थना कार्य भयो । चीवर लगाउनु अघि गर्नु पर्ने पाठ गऱ्यौं र पछि हामीहरूले चीवरलाई भित्रि हृदय देखि श्रद्धा राखी आ-आफ्नो कोठामा गई चीवर लगायौं । चीवर लगाउन नजान्नेहरूलाई श्रद्धेय सयादो वण्णिसार भन्ते, भद्दिय भन्तेले अन्तरवासक लगाउने तरिका देखि चीवर लगाउने समेत सिकाउनु भयो । सबैले चीवर लगाई सके पछि फेरी धम्महलमा जम्मा भयौं । त्यहाँ गर्नु पर्ने बाँकी पाठ भयो र त्यस पछि मात्र हामीहरू श्रामणेर भयौं । श्रामणेर पश्चात् गौतम बुद्धद्वारा प्रतिपादित ज्ञानलाई अल्पकालीन समयको लागि भए पनि गृह त्याग गरी ज्ञान हासिल गर्न छुटै संसारमा आएको अनुभव भयो । उक्त अवसरमा सबैलाई नयाँ नाम दिने कार्य भयो । जस अनुसार मेरो नाम श्रामणेर सुमन भयो । पहिलो दिन श्रद्धेय भन्ते सयादो सुजनपियले हामीहरूलाई विपश्यना भावनाको निर्देशन दिनु भयो र सबैले सो निर्देशन अनुसार भावना गऱ्यौं ।

प्रत्येक दिन विहान ४ बजे उठ्नु पर्थ्यो । घरमा ढिलोसम्म सुत्ने बानी परेकाहरूलाई आच्छु आच्छु नै भएको थियो । कोहीलाई त खुट्टा हल्लाएर उठाएको पनि देखियो । नित्यकर्म पछि ध्यान बस्ने, अनि ६ बजे तिर बुद्ध पूजा त्यसपछि जलपान र फेरी ध्यान बस्नु पर्ने कार्यक्रम रहेछ । प्रत्येक दिन प्रत्येक श्रामणेर भन्तेहरूले विहान ८ बजे देखि ११ बजे सम्म आ-आफ्नो ध्यान सम्बन्धी अनुभव पालै पालो गरि एक दिन श्रद्धेय सयादो सुजनपिय र अर्को दिन श्रद्धेय सयादो वण्णिसार भन्तेलाई सुनाउन पर्थ्यो । भन्ते र गुरुमांहरूलाई दान दिई आर्शीवाद ग्रहण गर्ने बानी परेको मलाई, श्रामणेर भएर उपासक, उपासिकाहरूको हातबाट दिन दिनै भोजन ग्रहण गर्दा सबैलाई निरोगी होस्, सुखी होस्, मार्ग फल निर्माण सम्पत्ति प्राप्त गर्न सकोस् भनि आशिर्वाद दिंदा मलाई अनौठोको अनुभव हुन्थ्यो । भोजन पछि विश्रामको १ घण्टा समयमा नुहाइ धुहाई तथा सरसफाई गर्ने र त्यस पछि ध्यान, अनि दिनको ३ बजे धर्म देशना (दशकुशल, दशपारमिता, प्रव्रजित जीवनको महत्त्व, वैशाख पूर्णिमाको महत्त्व, ध्यान भावना सम्बन्धी आदि) श्रद्धेय सयादो सुजनपिय भन्ते र श्रद्धेय सयादो वण्णिसार भन्तेले पालै पालो गरी उपदेश दिनु भयो । दिउँसोको ४ बजे सर्बत, ध्यान, बेलुका ८ तातो पानी, बेलुका ९ बजे श्रद्धेय सयादो वण्णिसार भन्तेले श्रामणेर विनय नियमको बारेमा प्रवचन गर्नु हुन्थ्यो र अन्तमा ९:३० बजे बेलुका मैत्री भावना गर्ने र त्यसपछि पुण्यानुमोदन गरी हरेक दिनको अभ्यास पूरा गरिन्थ्यो ।

बैशाखको २१ गते बृहत बौद्ध सभामा भाग लिनको लागि सबै जना बुद्ध जयन्ति समारोह स्थल ओकुबहालमा भेला भएका थियौं । समारोह स्थलमा आउँदा पाटनको सुन्धारासम्म गाडीबाट र पछि पंक्तिबद्ध भएर त्यहाँ पुगेका थियौं । त्यस सभामा श्रामणेरहरूको तर्फबाट अनुभव बारे केही कुरा बताउन श्रामणेर सन्त पिय (शान्त मान शाक्य) लाई लगायो । कार्यक्रम पश्चात सबै जना बुद्ध जीवनी सम्बन्धी प्रदर्शनीको पनि अवलोकन गऱ्यौं र त्यसपछि अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूलमा फर्कियौं । २२ गते बुद्ध जयन्तिको दिन विहानको जलपान पछि सबै जना अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूलबाट आ-आफ्नो वर्षक्रमानुसार पंक्तिबद्ध भई टाउको भुकाई स्मृति राखि हिंडेर बुद्ध जयन्ति समारोह स्थल, पाटनको ओकुबहालमा बुद्धपूजाको लागि भेला भयौं । पंक्तिबद्ध भएर चीवर लगाई आउँदा आउँदै बाटोमा पुगे पछि फोटो खिच्ने पर्यटकहरू पनि थुप्रै भेटिए । कोहि

अचम्म मानेर उभिएर हेरीरहेका पनि देखियो। कोहि भने हामीहरूलाई नै ठेलेर अघि बढेको पनि देखियो। त कोहि भने भन्तेहरूलाई बाटो दिनु पर्छ भनी भीड भएको ठाउँमा भीड पन्छाएर मद्दत गर्ने पनि देखियो। यसले गर्दा ममा एउटा मिश्रित अनुभव भयो। बुद्धपूजा पश्चात् भिक्षु धर्मपाल महास्थविरबाट धर्मदेशना भयो। भोजन पछि सबै जना अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूलमा नै फर्कियौं। त्यहि दिन राति बुद्ध प्रतिमा अगाडि मैनबत्ती र धूप बाली बुद्धको गुण स्मरण गऱ्यौं। यो दिनको कार्यक्रम अरु दिनको भन्दा केही लामो थियो। सो दिनको कार्यक्रम समाप्ति पछि देखिने सबैको मुख अँध्यारो र खिन्न देखिन्थ्यों। शायद यो हामी सबैको अल्पकालीन श्रामणेर जीवनको अन्तिम दिन भएकोले हुनु पर्छ। वैशाख २३ गतेको दिनमा पनि सबैको मुख खिन्न नै थियो। खिन्न भएको सबैको मुख हेरेर मेरो आँखा रसाएर आएको पत्तै भएन। शायद यो पनि हाम्रो चीवर फुकाली गृहस्थ जीवनमा फर्कने दिन भएकोले हुनु पर्छ। र शान्त वातावरणबाट कुनै युद्धको बातावरणमा प्रवेश गर्न लागेको जस्तो ममा विच्छेटै अनुभव भएको थियो।

संसारमा दुर्लभ मध्ये प्रव्रजित जीवन पाउनु पनि एक दुर्लभ हो। मानिस (सोच्न सक्ने, बुझ्न सक्ने, बिचार गर्न सक्ने) सामाजिक प्राणी भएर जन्मे पछि प्रव्रजित जीवन पाउने र सतिपट्ठान विपश्यना भावना गर्न पाउने सौभाग्य मैले पनि पाएँ। अल्पकालीन श्रामणेर भएर प्रव्रजित जीवन पाउने र सतिपट्ठान विपश्यना गर्न पाउने अनुभव संगाल्ने मौका उक्त शिविरमा पाएँ। सतिपट्ठान विपश्यना भावनाको अर्थ शिविर जानु अघि मलाई थाहा थिएन। शिविरमा गई सकेपछि मात्र सतिपट्ठान विपश्यनाको अर्थ– "स्मृति प्रतिस्थापित गरी विशेष तरि काले अनुभव गर्ने एक विधि, भावना हो।" अर्थात शरीर भित्र भई रहेको आलम्बनलाई स्मृति पूर्वक अनुभव गर्ने भावना हो, भन्ने कुरा बल्ल थाहा पाएँ।

मनलाई एकाग्र गर्नको लागि एउटा आलम्बन चाहिन्छ। जस अनुसार पेट फुलेको र सुकेको आलम्बनलाई हेर्न दिइएको थियो। लामो श्वास लिन्दा "लामो श्वास लिंदैछु", छोटो श्वास लिन्दा "छोटो श्वास लिन्दैछु', यसरी सम्पूर्ण कायमा होस राखी गरिनेकार्यलाई कायानुपश्यना भनिन्छ भन्ने कुरा पनि पछि थाहा पाएँ। सो आलम्बनलाई हेर्दा हेर्दै कहिले काहि मन बाहिर गएको हुन्छ। बाहिर गएको मनलाई होश राख्दै "बाहिर गयो, बाहिर गयो" भन्दै स्मृति राख्दै फेरी पेट फुलेको र सुकेको आलम्बनमा मन केन्द्रित गर्नु पर्ने रहेछ। पेट फुलेको र सुकेको आलम्बनमा स्मृति राख्दा राख्दै शरीरको बिभिन्न भागमा दुखाई अर्थात वेदना भएको चाल पाएँ। कहिले खुट्टा, कहिले कम्मर, कहिले औंला, कहिले घुँडा आदि विभिन्न भागमा जे जस्तो प्रकारले दुखेको छ त्यही प्रकारले "दुख्यो, दुख्यो" भन्दै स्मृति राख्दा त्यस्ता दुखाई चट्टकै हराएर जाने रहेछ भन्ने कुरा पनि बल्ल पछि थाहा पाएँ। जुन कुरा अघि पछि थाहा नपाउने रहेछ। यसबाट यो हाम्रो शरीर अनित्य हो भन्ने कुरो पनि बल्ल थाहा पाएँ। यी दुख्ने आलम्वनहरूलाई स्मृति पूर्वक अनुभव गर्दा गर्दै फेरि पेट फुलेको र सुकेको आलम्बनमा मन संयम गर्नु पर्ने रहेछ। पेट फुलेको र सुकेको आलम्बन स्मृति राख्दा राख्दै मन छिन छिनमा बाहिर गएको हुन्छ। यस बाट के थाहा भयो भने हाम्रो शरीर भित्र मन रहे पनि पूर्ण रुपमा आफ्नो काबूमा रहनेछ। आफ्नो शरीर भित्र मन भए पछि मनको पछि पछि आफू नलागी मनलाई आफ्नो बसमा राख्ने र आफ्नो इच्छा तथा निर्देशन अनुसार मनलाई कार्य गर्न लगाउनु पर्छ भन्ने कुरा पनि विपश्यना भावनाबाट थाहा भयो। जसरी "गाईबाछालाई किलामा बाँधिसकेपछि त्यो यताउति जान पाउँदैन। गोठालोले भने झै राख्न सकिन्छ। त्यसरी नै स्मृति रुपी डोरीले मनलाई बाँधेर राख्न सकेको खण्डमा यता उता जान पाउँदैन बरु आफूले भने जस्तो ठाउँमा राख्न सकिन्छ।" भन्ने कुरा पनि शिविरमा आए पछि मात्र बल्ल थाहा पाएँ।

यसरी बिहान उठे देखि राति नसुतुन्जेल स्मृति राख्नु पर्छ। खाना खाँदा खेरी चम्चाले भात चलाउँदा "चलाउँदैछु, चलाउँदैछु," भात मुखमा राख्दा खेरी "राख्दैछु, राख्दैछु", चपाउँदा खेरी "चपाउँदैछु, चपाउँदैछु", निल्दा खेरी "निल्दैछु, निल्दैछु", भनि स्मृति पूर्वक खानु पर्ने रहेछ। यसरी स्मृति राख्दै खाँदा क्लेशको भावना उत्पन्न हुँदैन भन्ने कुरा थाहा पाएँ। भात खाँदा मिठो लागे मिठो लागेको चित्त र नमीठो लागे नमिठो लागेको चित्त निकाल्नु हुँदैन। किनकि मन लाग्ने चित्त भनेको "राग" हो र मन नलाग्ने चित्त भनेको "द्वेष" हो, जसरी हुन्छ तटस्थ भावले बस्नु पर्छ भन्ने कुरा पनि शिविरमा आए पछि मात्र थाहा पाएँ।

ईर्यापथ अर्थात हिंड्डुल गर्दा खेरी पनि स्मृति गर्नु पर्छ भन्ने कुरा पनि थाहा पाएँ। विपश्यना भावनामा यस क्रियाकलापलाई चंक्रमण भन्ने रहेछ। स्मृतिपूर्वक खुट्टामा मन राखी चंक्रमण गर्दा खुट्टामा पनि अनुभव हुनेछ रहेछ जुन भावना गर्नु भन्दा पहिले थाहा थिएन। खुट्टामा हुने अनुभव मात्र होइन, अघि पछि दैनिक जीवनमा स्मृतिपूर्वक हिंड्डुल गर्दा पनि प्रयोग गर्नु पर्छ भन्ने कुरा पनि थाहा पाएँ। किनभने स्मृतिपूर्वक हिंड्मा लडेर हात खुट्टा भाँचिने आदि डर चिन्ता नहुने रहेछ भन्ने कुरा पनि शिविरमा





Downloaded from http://www.dhamma.digital

आए पछि मात्र थाहा पाएँ ।

सतिपट्ठान विपश्यना भावनाको, स्मृतिपूर्वक भावना गर्दा जसरी कुनै व्यक्तिले ईंटाले हान्दा खेरी आफूले छल्दा लाग्दैन, हो त्यस्तै गरि यदि कुनै व्यक्तिले आफूलाई गालि वा अन्य कुनै कुरा गर्दा त्यस व्यक्ति प्रति करुणा दृष्टि राखी मैत्री भावले हेर्न सकेको खण्डमा बाहिर वा भित्री रुपमा कुनै असर पर्दैन । त्यस पछि "द्वेष" उत्पन्न हुने कुरै भएन । यो पनि थाहा पाएँ । यति मात्र नभई यदि स्मृतिपूर्वक भावना गर्दा मार्गफल निर्वाणको लागि मात्र होईन, यसलाई जीवनको प्रत्येक घडीमा प्रयोगमा ल्याउन सकेको खण्डमा लौकिक जीवनको सफलता उत्तरोत्तर हुन्छ । जस्तै: बिद्यार्थीहरूले पढ्दा स्मृति राख्दै मनलाई एकाग्र गरी पढ्न सकेको खण्डमा पढ्न खोजेको कुरा चाँडै बुझिने र सम्झिने हुन्छ । यो कुरो बिद्यार्थी वर्गलाई मात्र होइन, समाजका हरेक व्यक्तिहरूलाई लागू हुने कुरा पनि थाहा पाएँ । भगवान गौतम बुद्धले २५०० बर्ष अगाडी प्रतिपादन गर्नु भएको सतिपट्ठान भावनाको उपयोग मानव मात्रले गर्न सके संसारमा शान्ति हुन्छ । प्रत्येक मानव मात्रले मानवीय गुणको भनुभव गर्न पाउँछ ।

यदि जो कोहीले पनि विपश्यना भावना गर्न मन छ तर विपश्यना भावना गर्न आउँदैन भने अरुले यस्तो हुन्छ उस्तो हुन्छ भन्ने भनाइको मात्र पछि नलागी स्वयम् आफै विपश्यना भावनाको शिविरमा गई अनुभव गरी आफैले आफैलाई चिन्नु होला भनि मेरो भित्री हृदयदेखी शुभकामना छ । ■

भवतु सब्बं मंगलम् ।

**भ्रम निवारण सूचना**

२०६१ आषाढ १ गतेको मिति राखी प्रकाशित, पूर्ण बहादुर प्रजापतिद्वारा लिखित "प्रज्ञाको आँखा" पुस्तकको प्रकाशकमा स्वयं लेखकको नाम मात्र उल्लेख हुनुपर्नेमा अन्य भ्रमपूर्ण नामहरू पनि उल्लेख गरिएको रहेछ । त्यसैले यसले पाठक वर्गमा फैलाएको व्यर्थको भ्रमलाई यही सूचनाद्वारा निवारण गरिएको छ ।

- धर्मकीर्ति विहारको मिनपुच: मायो धनबहादुर भकर्मी

## अनिच्चावत संखारा

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरुज्भन्ति तेसं ऊपसमोसुखो



जन्म :
वि.सं. २००२, कार्तिक

दिवंगत :
वि.सं. २०६० चैत्र १ गते

### सर्मिला वज्राचार्य

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य सर्मिला बज्राचार्य मिति २०६० चैत्र १ गते ५८ दँया वैशय् दिवंगत जुयादीगुलिं वयूकःया छ्येँजःपिसं प्रकृतिया अनित्य स्वभावयात थ्वीकाः धैर्य धारण यायूफयूमा धकाः कामना यानाच्वना । साथयू वयूकःया गुणानुस्मरण यासे वयूकःयात पूण्यदान यानाच्वना ।

**धर्मकीर्ति पत्रिका परिवार**

# ■ छलफल ■

■ मेघदूत

*आयोजक-* आज त थुप्रै सहभागीहरूको जमघट भइराखेको देख्न पाउँदा खुशी लाग्यो हामीलाई । के के जिज्ञासाहरू लिएर आउनु भएको होला यहाँहरूले । हामी पनि सुनौं न ।

*सहभागी-* अब त बुद्धधर्म बुझ्नको लागि पालि भाषाको ज्ञान हुन जरुरी नै भइसकेको छ । किनभने धेरैजसो भिक्षु भिक्षुणीहरूले उपदेश दिनुहुँदा बिच बिचमा पालि शब्द प्रयोग गर्नुहुन्छ । तर ती शब्दको अर्थ नबुझ्ने व्यक्तिहरूलाई भने खल्लो लाग्दो रहेछ । उदाहरणको लागि सन्दिट्ठिको, एहिपस्सिको, भनी यी दुई शब्दहरू एकपटक मैले बारम्बार दोहरिएको सुनें । त्यसदिन मलाई उपदेश सुन्नुको साथसाथै यसको अर्थ यथार्थमा के रहेछ भन्ने जिज्ञासा जाग्न थाल्यो । त्यसैले आजको छलफल कार्यक्रममा यी नै जिज्ञासा बोकेर आएको छु ।

*आयोजक-* राम्रो प्रश्न सोध्नुभयो यहाँले । यी दुई शब्दहरू त ६ वटा धर्मगुणहरूमध्ये २ वटा गुणहरू हुन् । अब यहाँलाई धर्मगुणहरू ६ वटाकै अर्थहरू बताउँछौं । राम्ररी सुन्नुस् है त ?

(१) स्वाक्खातो भगवता धम्मो- बुद्धले राम्ररी अनुभव गरी बताउनु भएको धर्म हो ।
(२) सन्दिट्ठिको - यही लोकमा फल पाउने धर्म हो ।
(३) अकालिको - धेरै समय वित्न नपाउँदै फल प्राप्त हुने
(४) एहिपस्सिको - यहाँ आएर हेर भनी देखाउन योग्य
(५) ओपनयिको - निर्वाण (मुक्ति) प्राप्त गर्नको लागि बाटो देखाउने
(६) पच्चत्तं वेदितब्बो विञ्ञूहीति - विद्वानवर्गले आफैले महशूस गरी साक्षात्कार गर्न योग्य धर्म ।

यी ६ वटा धर्म गुणहरू मध्ये सन्दिट्ठिको अर्थात् यही जीबनमा फल प्राप्त हुने धर्म भनी धर्मको गुण वर्णन गर्ने वित्तिकै सबैले यो फल प्राप्त गर्न सकिने त अवश्य पनि होइन । जसले धर्मानुसार आचरण पनि गर्छ, उसले मात्र यो धर्मानुसारको फल प्राप्त गर्न सक्नेछ । मरण पछि फल पाउने भन्न खोजिएको होइन ।

सहभागी- बुद्ध शिक्षालाई अध्ययन गर्दै जाँदा थाहा पाइयो, यो त वैज्ञानिक धर्म रहेछ । तर आजभोली भने धेरैजसो मानिसहरू मरिसकेपछि फल पाउने आशा गर्दै धर्मकर्म गरिरहेका देखिन्छन् । त्यसैले बुद्ध धर्मलाई ठीक तरिकाले प्रचार प्रसार गर्न अत्यावश्यक रहेको छ । तर धेरैजसो भन्ते गुरुमांहरूबाट भने यसरी धर्मको व्याख्या गरेको देखिदैन ।

*अर्का एक सहभागी-* धेरैजसो भन्ते गुरुमांहरूले सम्बोधन गर्दा श्रद्धेय भिक्षु संघ र अय्या गुरुमांहरू भनी सम्बोधन गर्ने गर्छन् । यहाँ मैले अय्याको अर्थ बुझ्न सकिन । के होला यसको अर्थ ?

*आयोजक-* "अय्या" त पालि शब्द होनि । यसको संस्कृत भाषामा आर्य अर्थ लाग्दछ । आर्य शब्दमा सम्बोधन गरिनु त ठूलो सम्मान हो । तर सम्बोधन गर्ने व्यक्तिहरूले राम्ररी अर्थ बुझेर व्यवहार गरेको हो कि होइन । यस विषयमा अठोटका साथ भन्न सकिन्न । हुनत शब्द प्रयोग गर्दा श्रोतावर्गले पनि बुझिने खालको शब्द प्रयोग गर्नु नै राम्रो देखिन्छ ।

*सहभागी-* ए । "भिक्षुणी" शब्द प्रयोग गर्न सहमति नभएको कारणले पनि विकल्पको रुपमा "अय्या" शब्द प्रयोग गरिएको होला नि । "अय्या" को अर्थ आर्य हो भनेत धेरै राम्रो शब्द हो नि यो । तर अय्या नभनी आर्या भनेको भए अझ राम्रो हुने जस्तो लाग्छ ।

*आयोजक-* तर थेरवादीहरू अरुले नबुझेपनि पाली शब्दनै प्रयोग गर्न मन पराउँछन् । के गर्नु ।

*सहभागी-* मलाई एउटा कुरा मनमा खट्की रहेको छ । के गृहस्थीहरू दिवंगत भइसकेपछि उनीहरूको मृत्युसंस्कार गर्ने समयमा भिक्षुहरू गई दागवत्ती दिनु पर्दछ र ? के यसरी दागवत्ति दिने कार्य उचित हो ?

*आयोजक-* राम्रो प्रश्न सोध्नु भयो यहाँले । आफ्नो मनको शंका यसरी निवारण गर्न जान्नु पर्छ ।

कोही पनि हकदार नभएको गृहस्थी दिवंगत भएको रहेछ र दागबत्ति दिनु पर्ने अवस्था आइपऱ्यो भने भिक्षुरूले त्यहाँ दाग बत्ति दिंदा हुन्छ । तर विना कारण भिक्षुरूले गृहस्थीहरूको मृत शरीरमा दाग बत्ति दिन हुँदैन ।

तर आजभोली साधारण व्यक्तिहरू मर्दा वास्ता नगर्ने भिक्षुहरू ठूलाबडा हुने खाने दाता दिवंगत भएमा भने उनीहरूको मृत्यु संस्कारमा उपस्थित भई दाग बत्ति दिन जाने प्रथा चलेको देखिन्छ । यो प्रथा कदापि उचित छैन । यो त चाकडी र अवसरवादी चाल हुनुका साथै पक्षपाती कार्य पनि हो ।

*सहभागी-* के बुद्धका अनुयायीहरूले पनि जातिभेद मान्छन् र ?

*आयोजक-* किन यस्तो प्रश्न सोध्नु भएको यहाँले ? धेरैलाई थाहा छ नि बुद्ध धर्मले जातपात मान्दैन भन्ने कुरो । तर आफूलाई बुद्ध अनुयायी भनी समाजमा धाक जमाउने धेरै जसो व्यक्तिहरूले भने बुद्ध शिक्षालाई व्यवहारमा प्रयोग गर्न भने सकिरहेको देखिदैन । त्यसैले यस्ता नक्कली अनुयायीहरूले मात्र जातपात मान्ने गर्छन् ।

*सहभागी-* हालै मात्र परलोक हुनुभएका एक प्रख्यात दाताले आफ्नो जीवनी पुस्तकमा आफ्नै एक्लो छोरोले विजाती महिलासंग विवाह गरेको कारणले आफ्नो चित्त दुखेको भावना व्यक्त गर्नु भएको रहेछ । यो पढ्दा त मलाई ज्यादै नमज्जा लाग्यो । त्यत्रो धर्मात्मा कहलिएको व्यक्तिको यस्तो संकुचित भावना हुँदो रहेछ भन्ने प्रष्टियो नि यसमा । जे होस् मेरो विचारमा उहाँले यो नमिल्दो भावना व्यक्त गर्नै नहुने त्यो पनि आफ्नो जीवनी पुस्तकमा ।

*अर्का एक सहभागी-* बुद्धले भन्नुभएको छ नि "वैरले वैर भाव कहिले पनि शान्त हुँदैन । मैत्री भावले मात्र शत्रुता नाश हुन्छ । बुद्धका अनुयायीहरूले बुद्धको यस शिक्षालाई कति सम्म आफ्नो व्यवहारमा प्रयोग गर्न सकेका रहेछन् त ?

*आयोजक-* बडो जटिल तर महत्त्वपूर्ण प्रश्न सोध्नु भएको छ यहाँले । अधिकांश बुद्ध अनुयायीहरूले बुद्ध वचनलाई बडो श्रद्धा पोख्दै खूब घोक्छन् । यसरी बुद्ध वचन त सुगा रटाई गर्ने पाठको रुपमा लिई प्रचार गर्छन् । तर आफ्नो इच्छा विपरित केही घटना घट्ने वित्तिकै उनीहरू बुद्ध वचनलाई व्यवहारमा प्रयोग गर्नै विर्सन्छन् ।

यसरी नै उक्त प्रख्यात दाताले पनि बुद्ध वचनलाई व्यवहार मा प्रयोग गर्न भुली आफ्नै एक्लो छोरोसंग अनाहकमा चित्त दुखाई बस्न परेको होला । तर उहाँले आफ्नो यस कमजोड भावनालाई आफ्नै जीवनी पुस्तकमा उल्लेख नगर्नुभएको भए राम्रो हुने ।

तैपनि हाम्रो सुझाव छ- पाप र धर्म कार्यहरू जसले गर्छ, उसले नै त्यसको परिणाम बोकेर जाने हो । यसमा व्यर्थमा हामीले किन टाउको दुखाउने ? होइन र ? हामीले बेकारमा किन आधा पाप बाँडेर लिने ? उपेक्षा गर्न सके ज्यादै राम्रो ।

*सहभागी-* संसारको रुपरेखा यस्तै छ के गर्नु । यहाँको सल्लाह ज्यादै उपयोगी छ । हुन त हो नि ठीक ठाउँमा उपेक्षा गर्न सक्ने व्यक्तिले मात्र मानसिक शान्ति प्राप्त गर्न सक्ने रहेछ ।

लौ त आजलाई हामी विदा पनि माग्छौं । धन्यवाद ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनीवारिय कार्यक्रम

### विषय : कृतज्ञ गुण

२०६१ जेष्ठ २३ गते, शनिवार, धर्मकीर्ति विहार, श्री घ:, न:घल ।

यसदिन श्रद्धेय भिक्षु अश्वघोष महास्थवीरज्यूबाट "कृतज्ञ गुण" विषयमा प्रवचन दिनुभयो । उक्त प्रवचनमा उहाँले भन्नुभयो "भगवान बुद्धले बुद्धत्व प्राप्त गरिसकेपछि पहिलो साता वोधिवृक्षको गुण सम्झेर वोधिवृक्षलाई पूजा गर्नुभयो र पछि भगवान बुद्धले भन्नुभयो **"द्वेमे भिक्खवे पुग्गला दुल्लभो कतञ्ञु कतवेदि"** अर्थात अरुलाई उपकार गर्ने र अरुले उपकार गरेको गुण सम्झेर राख्ने व्यक्ति दुर्लभ छ ।

बुद्ध शिक्षाको मूल्य उद्देश्य शुद्ध छवि भएको मानिस तयार गर्नु हो । शुद्ध छवि भएको मानिसमा शुद्ध मैत्री, करुणा र त्यागको भावना हुन्छ । हुनत गृहस्थी जीवनमा यस्तो गुण पाउन गाऱ्हो हुन्छ । त्यसो भएतापनि कमसेकम त्यसको भावना मात्र भए पनि हुनु जरुरी छ । अरुले गरेको गुणलाई सम्झेर कृतज्ञ हुनु पर्छ । भन्तेले मानिस र रुखको तुलना गरेर भन्नुभयो कि मानिसमा भन्दा रुखमा धेरै गुण पाइयो । रुखले छायाँ दिन्छ । रुख मरेपछि दाउरा बन्छ । दाउरा बाल्नको लागि काम लाग्छ । बालेपछि खरानी हुन्छ । खरानी पनि भाँडाकुडाँ सफा गर्नको लागि प्रयोग गर्न सकिन्छ । यस्तो अत्यन्त धेरै गुण भएको रुखमुमि भगवान बुद्धको जन्म, बुद्धत्व प्राप्ति, धर्मचक्र प्रवर्तन र महापरिनिर्वाण भएको थियो ।

बुद्ध शिक्षामा अरुको उपकार गर्दा आफ्नो जीवन बर्बाद नपार्ने कुरा उल्लेख भएको छ भनी भन्तेले भन्नुभयो । बुद्धको शिक्षा पालन गरी अरुको विश्वासको पात्र बनी अरुले गरेको कृतज्ञ गुणलाई सम्झनु पर्छ । यसको लागि उहाँले एउटा उपमा दिनु भएको छ । एक जना पुरुषले प्रसव वेदना भएको महिलालाई पानी पिउन दिएर कुशल कर्म गऱ्यो । त्यसको गुण सम्झेर त्यस पुरुषको जीवन रक्षाको लागि त्यस महिलाको सबै परिवार राजाको नोकर बन्न गएको घटना हो ।

अश्वघोष भन्तेले यस प्रवचनद्वारा आफूलाई गरिएको गुणलाई कृतज्ञता देखाउनु भएको हो । किनकी उहाँ प्रव्रजित हुनुभएको ६० वर्ष भएको उपलक्ष्यमा युवा बौद्ध समूहले वर्षभरी विभिन्न कार्यक्रमहरू संचालन गरेको र धर्मकीर्तिबाट विशेषांक पत्रिका प्रकाशित तथा अरु कार्यक्रमहरू संचालन गरी आफूप्रति लगाएको गुणलाई कृतज्ञता प्रकत गर्नु भएको हो । उहाँले भन्नुभयो युवा बौद्ध समूह र धर्मकीर्तिले जुन कार्यक्रमहरू संचालन गऱ्यो, त्यो नयाँ संस्कृतिको शुरुवाट भएको मान्न सकिन्छ । किनभने यस्तो सम्मान कुनै पनि व्यक्तिको बाँचुन्जेलसम्म महत्वहीन मान्ने र मृत्युपछि गुण गान गरी सम्मान गर्ने प्रचलन भएको पाइन्छ । यसको विपरित उहाँले जीवितकालमा सम्मान पाउनु भयो र त्यसैले उहाँ खुसि हुनु हुन्छ ।

यस्तो गुण देखने गुणी व्यक्तिलाई दुर्लभ व्यक्ति भन्न के आपत्ति छ र ?

### "अद्धान वर्ग"

२०६१ जेष्ठ ३० गते, शनिवार । स्थान- धर्मकीर्ति विहार
रिपोर्टर- रामेश्वरी ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा प्रत्येक शनिबारीय कार्यक्रममा यस दिन श्रद्धेय धम्मवती गुरुमांबाट मिलिन्द प्रश्न पुस्तकको भिक्षु नागसेन र राजा मिलिन्द बिच भएको प्रश्न उत्रर अन्तर्गत अद्धान वर्गको विषयमा प्रवचन दिनुभयो ।

यस वर्गमा ९ वटा प्रश्न रहेको छ । हाम्रो चित्त निर्मल छ तर बिभिन्न क्लेश धर्महरूले गर्दा निर्मल चित्तलाई अशुद्ध पारिदिन्छ । चित्त शुद्ध गर्नको लागि राग, द्वेष, मोहबाट अलग्ग हुन हामीले हरक्षण सचेत भइरहनु आवश्यक छ । श्रद्धेन्द्रिय, विर्येन्द्रिय, स्मृतीइन्द्रिय, समाधीन्द्रिय, प्रज्ञेन्द्रिय यी पाँच वटा इन्द्रियहरूले क्लेशलाई नास गरिदिन्छ र निरोध भइसकेको क्लेश फेरि उत्पन्न हुँदैन । प्रवचनको अन्तमा उहाँले सबैले अभिधम्म पढ्नै पर्छ भन्ने कुरामा जोड दिनुभयो । उक्त कक्षा श्याम लाल चित्रकारले संचालन गर्नुभएको थियो ।

### मधुमेह सम्बन्धी एकदिने कक्षा सम्पन्न

२०६१ असार १९, शनिवार । स्थान- धर्मकीर्ति विहार ।

आस्था नेपाल र धर्मकीर्ति विहारको संयुक्त आयोजनामा मधुमेह रोगको निदान, व्यवस्थापन, तथा बचाउ सम्बन्धी एक दिने कार्यक्रम धर्मकीर्ति विहारमा सम्पन्न भयो । बिहान ७ बजे देखि शुरु भएको उक्त कार्यक्रमको उद्घाटन स्वास्थ मन्त्रालयका विशेष सचिव डा. निराकार मान श्रेष्ठको उपस्थितिमा भएको थियो । कर्मकीर्ति विहार स्वास्थ्य कमिटिका डा. योगेन्द्र शाक्यले स्वागत गर्नु भएको उद्घाटन कार्यक्रमका सभापति भिक्षुणी धम्मवती गुरुमां रहनु भएको थियो । उक्त समारोह स्वास्थ मन्त्रालयका सचिव डा. निराकारमान श्रेष्ठ लगायत आस्था नेपालका अध्यक्ष डा. अरुण सायमि तथा प्रोग्राम डाइरेक्टर डा. प्रदीप कृष्ण श्रेष्ठले हाम्रो देशमा मधुमेह रोगको स्थिति बारे बोल्नु भएको थियो । समारोहमा डा. मोतिराज बज्राचार्य तथा डा. चन्द्रेश रत्न तुलाधरको उपस्थिति थियो । आस्था नेपालका कार्यक्रम संयोजक श्री प्रकाश श्रेष्ठले दिनभरीको कार्यक्रम सम्बन्धी जानकारी गराउनका साथै धर्मकीर्ति बिहार तर्फबाट आस्था नेपालमा LCT Workshop मा भाग लिनु भएका डा. योगेन्द्र शाक्य, पायुरामेडिक्स सिष्टर सानुकेशरी तुलाधर, कार्यक्रम संयोजक रोशनकाजी तुलाधर र

डायटिसियन लोचनतारा तुलाधरलाई डा. निराकारमान श्रेष्ठले प्रमाणपत्र वितरण गर्नुभएको थियो । यस समारोहमा सिष्टर सानुकेशरी तुलाधर ज्यूले धन्यवाद ज्ञापन गर्नु भएको थियो । कार्यक्रम तारा डंगोलले संचालन गर्नुभएको थियो ।

भन्ते, गुरुमां सहित ३४ जना मधुमेही विरामीहरू सहभागी उक्त शिविर विहान ७:०० बजे रजिष्ट्रेसन देखि शुरु भयो । रजिष्ट्रेसन पछि बिरामीहरूको क्रमबद्धरूपमा रगत जाँच (कोलेष्ट्रोल, ट्राइग्लिसिराइड र फाष्टिङ्ग सुगर) ब्लड प्रेसर, वजन र उचाइनाप र पिसाब जाँच गरियो । त्यसपछि बिरामी तथा स्वयं सेवकहरूको चिया नास्ता सकिनासाथ ९ बजेतिर औप्रचारीक उद्घाटन कार्यक्रम भयो र सो पछि डा. प्रदीपकृष्ण श्रेष्ठद्वारा स्लाइड सहितको मधुमेह शिक्षाको कक्षा भयो । उक्त कक्षामा मधुमेह के हो, मधुमेह किन र कस्तालाई हुन्छ र सोको नियन्त्रण कसरी गर्न सकिन्छ आदि जस्ता विषयहरू समावेश छन् । त्यसपछि योगा प्रशिक्षकद्वय महेन्द्र श्रेष्ठ तथा इश्वर प्रसाद श्रेष्ठ द्वारा योगाभ्यासको प्रशिक्षण दिनु भयो ।

भोजन पछिको दोश्रो चरणको कार्यक्रममा बिन्दिया वज्राचार्यबाट खुट्टाको हेरविचार सम्बन्धी शिक्षा र नानीशोभा शाक्यबाट मधुमेहीको खानपान सम्बन्धी शिक्षाको कक्षा संचालन भएको थियो । कक्षा पछि मधुमेही विरामीहरूको PP Sugar जाँच र क्रमश: आँखा विशेषज्ञ डाक्टरहरू द्वारा आँखा जाँच गरियो । कार्यक्रमको अन्त्यतिर करिब ४:३० बजे देखि डा. मोतीराज वज्राचार्य, डा. प्रदीप कृष्ण श्रेष्ठ, डा. योगेन्द्र शाक्य र डा. चन्द्रेस रत्न तुलाधर द्वारा विरामीहरूलाई व्यक्तिगत परामर्श दिने तथा नानीशोभा शाक्य, बिन्दिया वज्राचार्य र लोचनतारा तुलाधरद्वारा खानपान सम्बन्धी परामर्श दिने कार्य सम्पन्न भयो ।

एकदिने उक्त शिविरको विभिन्न पक्षका कार्यहरूमा आस्था नेपालका स्वयंसेवकहरूलाई सघाउने धर्मकीर्ति विहार का स्वयंसेवकहरू यसरी हुनुहुन्छ- ब्लड प्रेसर नाप्नेमा रमावती गुरुमां, रगत जाँच्ने तर्फ रामेश्वरी श्रेष्ठ, पूर्ण लक्ष्मी मानन्धर र सोनु श्रेष्ठ पिशाब जाँच्ने तर्फ सुनिता कंसाकार र यूजिन तुलाधर तथा रजिष्ट्रेसनमा सिस्टर तारादेवी तुलाधर र रामकुमारी मानन्धर ।

बिरामीको सम्पूर्ण जाँच तथा परामर्श सकिएपछि प्रत्येक बिरामीलाई मधुमेही परिचय पत्र तथा शैक्षिक सामाग्रीहरू वितरण गरिएको थियो । त्यस्तै अर्को शिविर चलाउनका लागी आस्था नेपालले धर्मकीर्ति स्वास्थ्य कमिटी, Local community team लाई तौल नाप्ने यन्त्र, Glyco meter तथा उचाइ नाप्ने measuring tape प्रदान गरियो ।

**२०६१ असार २६ गते, शनिवार ।**

स्थान- धर्मकीर्ति विहार ।

विषय- संस्कार बदल्नु भनेकै हृदय परिवर्तन हुनु हो ।

श्रद्धेय अश्वघोष भन्ते भन्नुहुन्छ संस्कार भनेकै मानिसले आफ्नो व्यवहारमा, प्रचलनमा ल्याउने बानी, चालचलन हो । त्यस मध्य कुसंस्कारलाई प्रज्ञा रूपी ज्ञान जागृत भएको व्यक्तिले मात्र बदल्न सक्दछ या छोड्न सक्दछ ।

भन्ते भन्नु हुन्छ बुद्धले पनि बुद्ध भइसके पछि पहिलो पटक आफ्नो परिचय दिइ भन्नु भयो कि आफ्नो पूरानो संस्कार नवदलेकोले नै ६ वर्ष सम्म शुद्ध मार्गमा परिएन । जब आफ्नो पूरानो कुदृष्टिबाट मुक्त हुन सकें तब मात्र बुद्धत्व प्राप्त भयो । यो कुरा सुनेर पंच भद्र वर्गीय भिक्षुहरूले पनि आ-आफ्नो पुरानो संस्कार ब्राह्मणवाद छोडी बोध भए ।

बुद्धले भन्नु भयो- **सब्बे संखारा अनिच्चाति यदा पञ्ञाय पस्सति अथ निब्बिन्दति दुक्खे एस मग्गो विशुद्धिया** अर्थात सवै संस्कार नित्य छैन भनी प्रज्ञाले बुझिलिन सके जीवन शुद्ध हुनेछ । यहाँ मूख्य कुरो संस्कार बदल्नु भन्नाले हृदय परिवर्तन हुनु नै बुद्धको शिक्षा हो भनी उहाँ भन्ते भन्नु हुन्छ । प्रज्ञा नहुनेको संस्कार पनि परिवर्तन हुँदैन । बुद्धको पालामा पसे प्रज्ञा बलियो हुनेले मात्र संस्कार अनित्य छ भनी बुझि दु:खबाट मुक्त भए । उनीहरूको हृदय पनि परिवर्तन भयो । जस्तो कि अंगुलिमालको कुसंगतले गर्दा हिंसक भएर आफ्नो आमाको ज्यान लिन पनि तयार भएकोले सर्वज्ञ भगवान बुद्धले गएर उनलाई पंचमहापाप गर्नबाट वचाउन भयो । त्यस्तै आलवक राक्षसलाई पनि आफ्नो क्षान्ति पारमिताको प्रदर्शन गर्नु भई दानवत्वबाट मुक्तगरी मानवत्वमा वदलि दिनु भयो । चण्डाशोक राजा अशोकको पनि एक जना भिक्षुले बताएको बुद्धोपदेश प्रमादी भएर धेरै वर्ष जीउनु भन्दा अप्रमादि भएर एक दिन मात्र जिउनु राम्रो हो भन्ने कुरा सुनेर धर्माशोक भयो । सत्संगत राम्रो भएर पनि प्रज्ञा नभएकोले देवदत्त मानवत्वबाट दानव भयो भनी भन्तेले भन्नु भयो । त्यसो त कुशल संस्कार बनाउन अभ्यास चाहिन्छ । उहाँ आफैले प्रव्रजित गराउन भएको भिक्षुहरूमा केही जना मात्र बाँकिरहे त्यो पनि आ-आफ्नै संस्कारको कारणले नै हुनु पर्दछ भन्नु भयो । अकुशल संस्कारलाई बदल्नु नसक्नु भनेको नदीमा डोरीले बाँधिराखेको डुंगा चलाउनु जस्तै हो भनी उहाँले उदाहरण पनि दिनु भयो । यस सम्बन्धमा परिवार र समाजको वातावरणले पनि धेरै प्रभाव पार्ने हुन्छ । नराम्रो वातावरण भन्नाले कुसंस्कारको वातावरणलाई कुशल संस्कारमा वदल्न सके अज्ञानीहरूको हृदय परिवर्तन भइ ज्ञानी हुने र वहूजन हिताय वहूजन सुखाय पनि हुने हुन्छ भनेर भन्तेले भन्नु भयो ।

**धर्मकीर्ति विहारमा गुरु पूजा सम्पन्न**

२०६१ असार १८ गते, शुक्रवार । यसदिन धर्मकीर्ति विहारमा गुरुपूर्णिमाको उपलक्षमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले गुरुपूजा कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा इन्द्रकुमार नकर्मीले स्वागत भाषण गर्नुहुँदै भन्नुभयो-

"धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा आई भन्ते गुरुमांहरूको तर्फबाट बुद्ध शिक्षा सिक्न पाएको हुँदा हामीले आफूलाई केही मात्रामा भएपनि सुधार्ने मौका पाएका छौं ।





Downloaded from http://www.dhamma.digital

यही कृतज्ञ गुणलाई स्मरण गर्दै आज गुरु पूर्णिमाको दिनमा हामीले भन्ते गुरुमांलाई गुरुपूजा गर्दैछौं।"

लोचनतारा तुलाधरले संचालन गर्नुभएको उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविर र धम्मवती गुरुमांले आशिर्वचन दिनु भएको थियो। यही क्रममा भिक्षु अश्वघोषले भन्नुभयो–

"बुद्धले गृही विनयमा कर्त्तव्याकर्त्तव्य विषयमा व्याख्या गर्नु भएको छ। कर्तव्यपालन गर्न सक्नु नै सत्पुरुष मानव धर्म हो। त्यसैले गुरुपूजा पनि सत्पुरुषधर्म अन्तर्गत नै पर्न पाउँछ। किनभने पूजा गर्न योग्य व्यक्तिलाई पूजा गर्नु मङ्गल कार्य हो भनी बुद्धले भन्नुभएको सत्य वचनलाई आज हामीले पालन गरिरहेका छौं।"

धम्मवती गुरुमांले आफ्नो आशिर्वचनको क्रममा भन्नुभयो– "गुरुबाट आशिर्वाद लिने दिनको रुपमा गुरुपूजा मनाइन्छ। तर राम्रो कार्य आफूबाट हुन सक्यो भने स्वतहः नै आशिर्वाद पाइने हुन्छ। हामीले बिर्सन नहुने व्यक्तिहरू बुद्ध, धर्म, संघ, आमा बुबा र गुरु हुन्। यी पाँच व्यक्तिहरूबाट हामीले आशिर्वाद प्राप्त हुने कार्य गर्न सक्नु पर्दछ।"

गोष्ठिका सदस्यहरूबाट यथाश्रद्धा प्राप्त दान रकम संकलन गरी भिक्षु अश्वघोष लगायत धर्मकीर्ति विहारका सबै गुरुमांहरूलाई दान प्रदान गरिएको उक्त कार्यक्रममा गोष्ठिका सदस्यहरूबाट गुरुपूजा परम्परानुसार क्षमा याचना पनि गरिएको थियो।

कार्यक्रमको अन्त्यमा श्यामलाल चित्रकारले धन्यवाद ज्ञापन गर्नु भएको थियो।

## वक्तृत्त्वकला प्रतियोगिताका बाँकी समाचार

धर्मकीर्ति पत्रिकाको वर्ष २२, अंक ३ को पेज १५ मा भिक्षु अश्वघोष अभिनन्दित शिर्षकमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी द्वारा संचालित वक्तृत्त्वकला प्रतियोगिता विषयमा समाचार प्रस्तुत भैसकेकोमा उक्त समाचारका केही बाँकी अंश यहाँ प्रस्तुत गरिएको छ।

भिक्षुणी धम्मवतीको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा प्रमुख अतिथी भिक्षु कुमार काश्यप महास्थविर बाट पञ्चशील प्रार्थना गराउनु भएको थियो।

यसरी नै रमाशोभा कंसाकारले स्वागत भाषण गर्नुभएको उक्त सभामा वीर्यवती गुरुमांले भिक्षु अश्वघोष महास्थविरको जीवनी विषयमा प्रकाश पार्नु भएको थियो भने कीर्ति तुलाधरले भिक्षु अश्वघोष महास्थविरको देन विषयमा प्रकाश पार्नुभएको थियो।

भिक्षु अश्वघोषबाट ओवाद उपदेश पछि प्रा. सुवर्ण शाक्यले वक्तृत्त्वकला नतिजा घोषणा भएको उक्त सभामा इन्द्रकुमार नकर्मीले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

भिक्षुणी धम्मवतीले सभापतीको आशनबाट सभा विसर्जन मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहमा श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले लेख्नुभएका पुस्तकहरू र उहाँ प्रधान सम्पादक हुनुभई प्रकाशित धर्मकीर्ति पत्रिका र उहाँको जीवनीसंग सम्बन्धित फोटोहरू प्रदर्शन गरिएको थियो।

उक्त वक्तृत्त्वकला प्रतियोगिताको लागि पुरस्कार एवं रकम प्रायोजन गरी सहयोग गर्नुहुने दाताहरूको नामावली यसरी रहेको छ–

| *प्रायोजन* | *दाता* |
|---|---|
| १. निर्णायक मण्डल सम्झना चिन्ह | हेरादेवी तुलाधर, न्यूरोड |
| २. भन्ते गुरुमांहरूलाई जूस | पुलां पुचः (भोजन समूह) |
| ३. पहिलो र दोस्रो पुरस्कार | पूर्णहीरा भोजन पुचः |
| ४. तेस्रो पुरस्कार | मीना तुलाधर |
| ५. चीवर | डा. सुमन कमल तुलाधर |
| ६. जलपान | धर्मकीर्ति मिजं पुचः र इन्द्रमान भोजन पुचः |
| ७. प्रमाण-पत्र | प्रेमकृष्ण महर्जन, नील सरस्वती छापाखाना |
| ८. निमन्त्रणा-पत्र | अगम्यरत्न कंसाकार, मैत्री अफसेट |
| ९. भिक्षु अश्वघोष महास्थविरको जीवनी ब्रोसियर | न्यू नेपाल प्रेस, नक्साल |
| १०. सहभागी विद्यार्थीहरूलाई पुरस्कार | क्यहँ पुचः |
| ११. सहयोगार्थ रु. ७८९७/- | अध्ययन गोष्ठी सदस्यहरू |
| १२. सहयोगार्थ रु. ३०००/- | भाइराजा, वसुन्धरा तुलाधर |

**२०६१ चैत्र २८, धर्मकीर्ति विहार, श्रीघः नःघः।**

यसदिन मलेसियन नागरिक कम्प्यूटर इन्जिनियर Miss Meig Ngoh ले मलेसियामा बुद्ध शिक्षा" विषयमा आफ्नो अनुभव बताउनु भएको थियो।

अन्त्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरू बीच यस विषयमा छलफल भएको थियो। यसदिन इन्दावती गुरुमांले कक्षा संचालन गर्नु भएको थियो।

## लुम्बिनीमा स्वयम्भू चैत्य निर्माणका लागि धर्मकीर्ति विहारबाट प्रदान गरिएको चन्दा रकम वितरण

धर्मोदय सभाको तर्फबाट लुम्बिनी उद्यानमा निर्माणाधीन अवस्थामा रहेको स्वयम्भू चैत्य निर्माण कार्यको लागि धर्मकीर्ति विहारको तर्फबाट चन्दा संकलन गरी उक्त संस्थालाई प्रदान गरिएको चन्दा विवरण–

| *क्र. सं.* | *दाताहरू* | *प्राप्त चन्दा रकम* |
|---|---|---|
| १. | धम्मवती गुरुमां प्रमुख धर्मकीर्ति विहार सपरिवार, श्रीघः नःघः | रु. १,२३,४५६।- |
| २. | स्व. पुष्करलाल मास्केको नाममा पुष्पलक्ष्मी मास्के सपरिवार, ठमेल | रु. १५,०००।- |

| | | |
|---|---|---|
| ३. स्व. बद्री मानन्धरको नाममा चामुना मानन्धर सपरिवार, क्षेत्रपाटी | रु. | १०,००५।- |
| ४. स्व. राम वहादुर र चैत्य मायाको नाममा सानु मानन्धर, न्हूसाः | रु. | १०,००५।- |
| ५. विन्दु शाक्य नःघः | रु. | १०,१००।- |
| जम्मा सङ्कलित चन्दा रकम | रु. | १,६८,५६६।- |

## धम्मबती गुरुमाँको ७० औं वर्षिय जन्म दिनको उपलक्षमा साप्ताहिक अभिधर्म पाठ

स्थान- धर्मकीर्ति विहार, श्रीघः, नघः ।

धर्मकीर्ति विहारका संस्थापक अध्यक्ष, शासनधज धम्माचरिय अग्गमहागन्थवाचक पण्डित धम्मवती गुरुमांको ७० औं वर्षिय जन्मदिनको उपलक्षमा पूज्य भिक्षुसंघबाट साप्ताहिक (मिति २०६१ श्रावण १२ गते देखि १८ गते सम्म) अभिधर्म पाठको कार्यक्रम संचालन भइरहेको छ ।

धर्मकीर्ति विहार परिवारको आयोजनामा सञ्चालित उक्त कार्यक्रम अवधिभर विभिन्न दाताहरूको तर्फबाट कार्यक्रममा उपस्थित सवैलाई जलपानको व्यवस्था मिलाइएको छ । यसरी नै उक्त कार्यक्रममा निमन्त्रित भन्ते गुरुमांहरूलाई भोजनको पनि व्यवस्था मिलाइएको छ ।

विहान ७ बजे देखि ९ बजे सम्म संचालित उक्त कार्यक्रममा बुद्ध पूजा, धर्मदेशना एवं अभिधर्म पाठ श्रवण गर्न धेरै उपासकोपासिकाहरू सहभागी भएका छन् ।

## प्रव्रज्या दिवस

ध्यानकुटी बनेपा, २०६१ असार १२ ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा वर्षेनि मनाउँदै आइरहेको प्रव्रज्या दिवस कार्यक्रम यसपाली पनि सम्पन्न भएको छ । अल्पकालिन प्रव्रज्या जीवनको अनुभव संगाल्नु भएका व्यक्तिहरूको जमघट भएको उक्त दिनको कार्यक्रमलाई दुई चरणमा विभाजन गरिएको थियो ।

पहिलो चरणको कार्यक्रम भिक्षु अश्वघोष महास्थविर को सभापतित्त्वमा सञ्चालन गरिएको थियो । बुद्धपूजा, जलपान पश्चात् संचालित उक्त कार्यक्रममा अध्ययन गोष्ठीका सचिव रमा कंसाकारले स्वागत भाषण गर्नुभएको थियो । उक्त कार्यक्रममा विभिन्न व्यक्तिहरूले आ-आफ्ना मन्तव्य यसरी व्यक्त गर्नुभएका थिए ।

भिक्षु राहुल- "आजभन्दा २७ वर्ष अगाडि २०३५ साल आषाढ १० गते श्रद्धेय अश्वघोष भन्तेबाट १४ जना व्यक्तिहरूलाई अल्पकालिन प्रव्रज्या गर्नुभएको थियो । ती मध्ये म पनि एक थिएँ । यस प्रव्रज्या जीवन बिताउँदै मैले भिक्षु जीवन बारे बुझ्ने मौका पाएँ । भौतिक सुखका साथसाथै आध्यात्मिक सुख पनि आवश्यक रहेको कुरालाई बुद्ध शिक्षाले छर्लङ्गाएको छ । यसको लागि हामीले आफ्नो मनलाई हरेक क्षण सजग राखी शिक्षा दिइरहनु पर्दछ ।"

कपिल शाक्य- "२०५८ सालमा लुम्बिनीमा उ ञाणीस्सर भन्तेबाट अल्पकालिन प्रव्रज्या दिक्षा लिएको थिएँ । भिक्षु जीवनको महत्त्व बुझ्ने हो भने कमसेकम एकपटक भएपनि प्रव्रजित हुनु नै पर्दो रहेछ ।

श्रामणेर गौतम- "हाल भन्ते गुरुमांहरूको तर्फबाट शिक्षा सिकी प्रव्रज्या जीवन बिताउँदा र पहिला गृहस्थी छँदाको अवस्थालाई दाँजेर हेर्दा हाल केही मात्रामा भएपनि आफूले राम्रो चेतना ल्याउन सकेको महशूस गरेको छु ।"

यस कार्यक्रममा "म एकदिन मर्नुपर्छ, त्यसैले..." भन्ने विषयलाई लिएर तीनजना वक्ताले आ-आफ्ना मन्तव्यहरू यसरी व्यक्त गर्नु भएका थिए ।

श्यामलाल चित्रकार- "म एकदिन मर्नुपर्छ । त्यसैले मेरो जीवन रहुञ्जेल म त्रिरत्नको शरणमा गई चित्त शुद्ध पार्ने कार्यमा अथक प्रयास गर्नेछु ।"

सुमन वज्राचार्य- "जन्म लिएपछि मरण अवश्य आउँछ भन्ने कुरालाई बिर्सन हुँदैन । जसले एकदिन मर्नुपर्ने सत्यलाई सम्भन सक्छ, उसले आफूलाई अहंकारबाट टाढा राख्न सक्नेछ । त्यसैले मैले यस सत्यलाई सके सम्म स्मरण गर्ने प्रयास गर्नेछु ।"

मदन रत्न मानन्धर- "एकदिन मर्नुपर्छ । त्यसैले गर्नुपर्ने काम आज नै गर्छु । प्रत्येक क्षण मृत्युसंग नजिकिएर जस्तोसुकै अवस्थामा पनि आफ्नो मनलाई विचलित हुन दिन्न । राग, द्वेष, मोहबाट अलग्ग समतामा रहने कोशिस गर्दैछु ।"

कार्यक्रमको पहिलो चरणको अन्त्यमा भिक्षु अश्वघोष महास्थविरबाट धर्मदेशना भएको थियो । धर्मदेशनाको क्रममा उहाँले भन्नुभयो–

"अल्पकालिन प्रव्रज्या हुनु भनेको त्यागी जीवन जिउने एउटा प्रशिक्षणको क्षण हो । दान दिने कार्य सजिलो भएपनि त्याग गर्न चाहिं गाह्रो छ । पाप कर्म छोडी पुण्य कार्य मात्र गरेर पनि पुग्दैन । आफ्नो चित्तलाई शुद्ध गर्न अति आवश्यक छ । भगवान् बुद्धले भन्नुभएको छ–

"गर्नुपर्ने काम समयमा नै पूरा गर्नुपर्छ ताकि अन्तिम अवस्थामा पश्चाताप गरिरहन नपरोस् ।"

दोश्रो चरण- कार्यक्रमको दोश्रो चरणमा भन्ते गुरुमांहरू र उपासकोपासिकाहरूको सामुहिक ध्यान भावना भयो । त्यसपछि आधा घण्टा चंक्रमण गरियो । त्यसपछि त्यागवती गुरुमांले बुद्ध शिक्षा अध्ययनको सिलसिलामा म्यानमारमा ९ वर्ष सम्म रहँदाको आफ्नो अनुभव बताउनु भयो । अन्त्यमा भिक्षु राहुलबाट धर्मदेशना गर्नुहुँदै भन्नुभयो–

"हाम्रो जीवन हावा चलिरहेको ठाउँमा बालिराखेको मैन वत्ति जस्तै हो । कुनबेला निभ्छ, यसको निश्चय छैन । भगवान बुद्धले भन्नुभए जस्तै मनुष्य जीवन अमूल्य रहेको कुरालाई बुझी, आफ्नो कर्तव्य पालन गर्दै आफु पनि सुखपूर्वक बाँच्ने र अरुलाई पनि सुखपूर्वक बाँच्न दिने भावना लिनु पर्दछ ।

तारा डंगोलले संचालन गर्नु भएको यस कार्यक्रमको अन्त्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्य अगम्य रत्न कंसारकाले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

**रेकी वैकल्पिक उपचार, निशुल्क स्वास्थ्य शिविर**
२०६१ श्रावण ४ देखि १० सम्म ।
स्थान- धर्मकीर्ति विहार, श्रीघ:, न:घ: ।

धम्मवती गुरुमांको ७० औं जन्मदिनको उपलक्ष्यमा रेकी वैकल्पिक उपचार केन्द्रले साप्ताहिक निशुल्क स्वास्थ्य शिविर आयोजना गरी योग ध्यान साधना माध्यमबाट विभिन्न रोगीहरूलाई स्वास्थ्य सेवा पुऱ्याएको थियो ।

हरेक दिन बेलुकी ४ बजे देखि ५:३० सम्म संचालित उक्त स्वास्थ्य शिविरमा सहभागी भई धेरै रोगीहरूले स्वास्थ्य लाभ गरेको कुरा बुझिएको छ ।

**स्वास्थ्य लाभ व ता: आयू कामना**
२०६१ श्रावण २ गते । स्थान- धर्मकीर्ति विहार ।

श्रद्धेय भन्ते कुमार काश्यप महास्थविर प्रव्रज्या जुया बिज्या:गु ६० दँ पूवंगु व वसपोल ७७ दँ पूवंगु लसताय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी धर्मकीर्ति विहारया आयोजनाय् वसपोलया स्वास्थ्य लाभ व दीर्घायु कामना यासे श्रद्धालु उपासक उपासिका पाखें वसपोलयात रु. ९१४१७- दान यानादीगु दु । प्रफुल्ल कमल ताम्राकारया संयोजकत्वय्, मीना तुलाधरं न्ह्याकादीगु उगु ज्याझ्व: श्रद्धेय भन्ते अश्वघोष महास्थविरया सभापतित्वे सम्पन्न जूगु ख: । उगु ज्याझ्वले रमा शोभा कंसाकारं लसकुस न्वचु वियादीगु ख:सा श्रद्धेय कुमार भन्ते व अश्वघोष भन्तेनं थ:थ:गु मन्तव्य प्वंकाबिज्या:गु ख: । अथेहे इन्द्रकुमार नकर्मिं पूज्य भन्तेया संक्षिप्त जीवनी परिचय वियादिलसा प्रफुल्लकमल ताम्राकारं सुभाय न्वचु बियादीगु ख: । थुगु हे ज्याझ्वले कुमार भन्तेया शुभेच्छा भ्रमण ज्याझ्व:या सिलसिलाय् थुखुन्हु धर्मकीर्ति विहारे वसपोलया शुभेच्छा भ्रमण जूगु ख: । थुगु ज्याझ्व:या सहयोगी दातापिं जुजुभाई तुलाधर व मंगल लक्ष्मी तुलाधर सपरिवार ख: । सुभेच्छा भ्रमण ज्याझ्व:या क्रमे जुजुभाई तुलाधर व शान्तरत्न शाक्यं थ:थ:गु न्वचु प्वंकादीगु ख: ।

थीथी विहारे श्रद्धेय कुमार भन्तेपाखें शुभेच्छा भ्रमण ज्वीगु ज्याझ्व:कथं धर्मकीर्ति विहारे च्याक्व:गु विहार भ्रमण जूगु खँ नं वयक:पिसं व्यक्त यानादिल ।

ज्याझ्व:या अन्ते धर्मकीर्ति विहारे शुभेच्छा भ्रमण यानाबिज्या:गु चिं कथं कुमारभन्तेया पाखें रत्नमञ्जरी गुरुमांयात शुभेच्छा पत्र ल:ल्हाय्गु ज्याझ्व: नं सम्पन्न जूगु ख: । ■

## मैत्री केन्द्र, बाल आश्रम

■ मैयाँ पहरी
मैत्री केन्द्र बाल आश्रम, ध्यानकुटी विहार

*अरुलाई भलो हुने काम गर्ने ठाउँ*
*मैत्री केन्द्र, बाल आश्रम यसको नाउँ*
*संस्था रहेछ यो अति राम्रो*
*गरिरहेछ उद्धार गरीब हाम्रो*
*थियौं असहाय, अनाथ र टुहुरा हामी*
*पालनपोषण गरे आमा–बाबु आफैं बनी*
*उज्यालो ज्योति छर्न संसारमा*
*पढाए हामीलाई सरस्वतीको कोखमा*
*सरस्वतीको शिक्षाले हामी भयौं ज्ञानी*
*आकाश पातालको फरक भयो हाम्रो बानी ।*
*वातावरण छ,*
*यहाँ उन्नतिको बाटोमा पुग्न सक्ने ।*
*ज्ञान दिए हामीलाई संसार हाँक्ने*
*नाम जस्तो छ है यसको काम*
*सधैं उच्च रहोस् यसको नाम*
*अभिभावक हुनु हामीलाई यहाँका मानिस ।*
*आदर गरिरहनेछौं हामी जबसम्म*
*बाँकी हुन्छ एक मुठी स्वास*
*यस संस्थाको निम्ति हामी जे*
*पनि गर्न तयार छौं ।*
*हामीले यस संस्थाबाट नयाँ*
*जीन्दगी पायौं*
*यस संस्थाको भइरहनेछ हामीमा माया*
*हाम्रो रातो, रगत हरके बखत*
*यसको छाँया ।*
*जस्तो–सुकै परिस्थितिमा पनि*
*रहिरहोस् प्रख्यात बनी*
*सदा–सधैं गर्छौं यही प्रार्थना*
*हामी ।*

### अल्पकालिन दुर्लभ प्रव्रज्या र ऋषिणी प्रव्रज्या शिविर

२०६१ श्रावण ३-९ सम्म । शासनधज धम्माचरिय धम्मवती गुरुमांको ७० औं जन्म दिनको उपलक्ष्यमा सुलक्षण कीर्ति विहार चोभारको आयोजना तथा बुद्धज्योती अन्तर्राष्ट्रिय संघ नेपाल च्याप्टरको सकृयतामा र भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा अल्पकालिन दुर्लभ प्रव्रज्या/ऋषिणी प्रव्रज्या शिविर संचालन गरिएको छ ।

७७ जवान व्यक्तिहरू प्रव्रजित भई सहभागी भएको उक्त सप्ताहव्यापी शिविरमा हरेक दिन ध्यान र धर्मदेशना कार्यक्रम संचालन गरिएको थियो ।

### सुलक्षणकीर्ति विहारमा नेत्रदान

२०६१ असार ४ गते, शुक्रवार । चोभार ।

बुद्धज्योती अन्तर्राष्ट्रिय संगठन नेपाल च्याप्टर B.L.I.A. सुलक्षणकीर्ति विहारको आयोजनामा नेत्रदान शिविर कार्यक्रम सम्पन्न गरिएको समाचार छ । विभिन्न स्थानहरूबाट आएका जम्मा ११५ जना दाताहरूले नेत्रदान गरेको उक्त कार्यक्रम भिक्षुणी धम्मवतीको प्रमुख आतिथ्यमा र B.L.I.A. नेपाल च्याप्टरका अध्यक्ष भिक्षुणी डा. अनोजाको सभापतित्वमा सम्पन्न गरिएको थियो ।

उक्त कार्यक्रममा तिलगंगा आँखा केन्द्र नेपाल आँखा बैंकका प्राविधिक भोला बहादुर के.सी. र आँखा बैंकका प्रमुख शंखनारायण त्वायना अतिथीको रुपमा रहनु भएको थियो ।

नेत्रदान गर्नुहुने दाताहरू मध्येबाट रतिराम कपालीले आफ्नो मन्तव्य व्यक्त गर्नु भएको उक्त कार्यक्रममा देवकाजी शाक्यले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो भने हरि मान रञ्जितले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

उक्त कार्यक्रममा B.L.I.A. Nepal Chapter सुलक्षणकीर्ति विहारलाई तिलगंगा आँखा अस्पतालले धन्यवाद पत्र प्रदान गरिएको थियो । कार्यक्रम रमेशमान मुनिकारले संचालन गर्नुभएको थियो । उक्त कार्यक्रममा धर्मकीर्ति विहारका मिजंपुच:ले जलपानको व्यवस्था मिलाई सहयोग गर्नु भएको थियो ।

### धर्मचक्र प्रवर्तन दिवस

सातदोबाटो, २०६१ असार १८ । भोजपुर टक्सार बौद्ध शाक्य समाज काठमाडौंको आयोजनामा धर्मचक्र प्रवर्तन दिवस सम्पन्न गरिएको समाचार छ । ज्ञानमाला भजन, दाफा भजन, बुद्ध पूजा र परित्राण पाठ, आषाढ पूर्णिमा तथा धर्मचक्र प्रवर्तन दिवसको महत्त्व विषयमा प्रवचन आदि विभिन्न कार्यक्रमहरू सञ्चालन गरी सम्पन्न गरिएको उक्त सभामा उपासिका गणेश कुमारी शाक्यको दु:खद निधन प्रति श्रद्धाञ्जली व्यक्त गरिएको थियो ।

### धर्मचक्र प्रवर्तन दिवस

२०६१ आषाढ १८, काठमाडौं । २५९३ औं धर्मचक्र प्रवर्तन दिवस समारोह समिति काठमाडौंको आयोजनामा बुद्ध प्रतिमा सहित नगर परिक्रमा गरी धर्मचक्र प्रवर्तन दिवसको स्मरण गरी पुण्य सञ्चय गरिएको समाचार छ ।

गणमहाविहारबाट शुरु गरिएको उक्त नगर परिक्रमा समापन पश्चात् जलपान गराइएको थियो ।

### वक्तृत्वकला प्रतियोगिता

जगत सुन्दर ब्वनेकुथि चाग:, २०६१ श्रावण २ ।

श्रद्धेय भिक्षु अश्वघोष महास्थविर प्रव्रजित हुनु भएको ६०, वर्ष पूरा भएको उपलक्ष्यमा युवा बौद्ध समूह काठमाडौंको आयोजनामा वर्षभरी संचालन गरिने विभिन्न कार्यक्रमहरूको सिलसिलामा वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरिएको समाचार छ ।

### अभिनन्दन

२०६१ असार १९ शनीवार ।

स्थान- विश्व शान्ति विहार, मीनभवन, नयाँ बानेश्वर ।

नेपालका जेष्ठ भिक्षु सुबोधानन्द महास्थविर नेपालको संघनायक हुनुभएको उपलक्षमा र म्यानमार सरकारको तर्फबाट अग्ग महासद्धम्म जोतिक धज उपाधिले सम्मानित हुनु भएका आचार्य भिक्षु कुमार काश्यप महास्थविर र भिक्षु विमलानन्द महास्थविरलाई उहाँहरूले बुद्ध शासनिक क्षेत्रमा पुऱ्याउनुभएको सराहनिय योगदानलाई कदर गर्दै अखिल नेपाल भिक्षु महासंघको तर्फबाट आयोजित अभिनन्दन समारोहमा उहाँहरूलाई अभिनन्दन गरिएको समाचार छ ।

शील प्रार्थना पश्चात् अखिल नेपाल भिक्षु महासंघका सचिव भिक्षु बोधिसेन महास्थविरले स्वागत भाषण गर्नुभएको उक्त समारोहमा अभिनन्दित श्रद्धेय भन्तेहरू भिक्षु सुबोधानन्द महास्थविर, भिक्षु कुमारकाश्यप महास्थविर र भिक्षु विमलानन्द महास्थविरको संक्षिप्त परिचय क्रमश: भिक्षु गुणघोष, भिक्षु धम्मशोभन र भिक्षुशीलभद्रको तर्फबाट प्रस्तुत गरिएको थियो । यसरी नै उक्त समारोहमा अखिल नेपाल भिक्षु महासंघका सभापति भन्तेको तर्फबाट प्रदान गरिएको अभिनन्दन पत्रहरू विभिन्न भन्तेहरूबाट यसरी वाचन गरिएको थियो ।

(क) भिक्षु सुबोधानन्द महास्थविर -
भिक्षु शोभितबाट अभिनन्दन पत्र वाचन

(ख) भिक्षु कुमार काश्यप महास्थविर -
भिक्षु भद्दियबाट अभिनन्दन पत्र वाचन



Downloaded from http://www.dhamma.digital

(ग) भिक्षु बिमलानन्द महास्थविर - भिक्षु सुमेधबाट अभिनन्दन पत्र वाचन ।

थाई राजदूत फेन छोम इन्वारन्साक् र श्रीलंका काउन्सरल विमल दशिल्वाले आआफ्नो मन्तव्य व्यक्त गर्नु भएको उक्त समारोहमा अभिनन्दित भन्तेहरूलाई विभिन्न संघ संस्थाहरूको तर्फबाट उपहार प्रदान गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा भिक्षु ज्ञानपूर्णिक महास्थविरले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने कार्यक्रममा सभापति भिक्षु अश्वघोष महास्थविरले सभा विसर्जन गर्नुहुँदै पुण्यानुमोदन गर्नुभएको थियो ।

## अभिनन्दन तथा साप्ताहिक पुण्यकार्य

२०६१ असार २० देखि २५ सम्म । स्थान- गणमहाविहार ।

नेपालको थेरवादी बुद्ध शासनको इतिहासमा बुद्ध धर्म प्रचार प्रसार उत्थान तथा संरक्षण कार्यमा अविस्मरणिय योगदान पुऱ्याउनु हुने श्रद्धेय भिक्षु सुबोधानन्द महास्थविर, भिक्षु अश्वघोष महास्थविर र भिक्षु कुमार काश्यप महास्थविरको सम्मानार्थ गण महाविहारको आयोजनामा अभिनन्दन समारोह सञ्चालन गरी अभिनन्दन गरिएको थियो । ई. अमृतमान तुलाधरले स्वागत भाषण गर्नुभएको उक्त समारोहमा भिक्षु अश्वघोष महास्थविरले शील प्रार्थना गराउनु भएको थियो । श्रीलंकाका महामहिम राजदूतको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा धर्मायतन, र धर्म विजयपद नामको समुद्घाटन गरिएको थियो । समारोहको अन्त्यमा भिक्षु सोभितबाट धन्यवाद ज्ञापन गरिएको थियो । अभिनन्दनका साथै उक्त विहारबाट साप्ताहिक विविध पुण्यकार्य पनि संचालन गरिएको थियो । बुद्ध पूजा, धर्मदेशना, ज्ञानमाला भजन, राजतीर्थका असहाय आमाहरूलाई भोजन दान तथा आवश्यक सामग्रीदान, परोपकार अनाथालयका बालकहरूलाई जलपान भोजन तथा पढाईका सामग्री दान, गणमहाविहारका भिक्षु एवं श्रामणेर हरूबाट भिक्षाटन आदि विविध कार्यक्रमहरू संचालित उक्त साप्ताहिक कार्यक्रमहरू मध्ये २० गते सञ्चालित रक्तदान कार्यक्रममा २ जना श्रामणेरहरू लगायत ४९ जना रक्तदाताहरूले रक्तदान गरेका थिए । यसरी नै २१ गते सञ्चालित नेत्रदान कार्यक्रममा ४४ जना दाताहरूले रक्तदान गरेका थिए । उक्त कार्यक्रम रमला श्रेष्ठले सञ्चालन गर्नु भएको थियो ।

## नि:शुल्क औषधी प्रदान

पाल्पा, २३ आषाढ । श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको ५८ औं शुभजन्मोत्सवको उपलक्ष्यमा ज्ञानमाला संघ, आनन्द विहार तानसेनबाट दर्लमडाँडा उपस्वास्थ्य चौकी दर्लम डाँडालाई नि:शुल्क औषधी प्रदान गरेको छ । सर्जुलाल बज्राचार्यको सभापतित्वमा संचालन भएको उक्त कार्यक्रममा प्रमुख अतिथी धम्मानुशासक भिक्षु धम्मज्योति रहनु भएको थियो भने अतिथीको रुपमा पत्रकार महासंघका सचिव भगवान भण्डारी रहनु भएको थियो । प्रमुख अतिथीबाट उक्त औषधी दर्लम डाँडा उपस्वास्थ्य चौकीका प्रमुख रेश्मी राज न्यौपानेलाई हस्तान्तर गर्नु भयो । कार्यक्रममा उपस्वास्थ्य चौकीका प्रमुख र ज्ञानमाला संघका सहसचिव रत्नमान बज्राचार्यले आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो भने कार्यक्रम का.का.स. गम्भिरमान शाक्यले सञ्चालन गर्नुभएको थियो ।

## सम्मान समारोह

२०६१ श्रावण ९ शनीवार । स्थान- सुलक्षणकीर्ति विहार ।

बुद्ध जन्म भूमि नेपालको बुद्ध शासनिक क्षेत्रमा आफ्नो जीवन समर्पण गर्नुभई विविध क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आउनु भएका भिक्षुणी गुरुमांहरू मध्येबाट उहाँहरूको अमूल्य योगदानको कदर गर्दै मित्रराष्ट्र म्यानमार सरकारबाट श्रद्धेय भिक्षुणी धम्मवतीलाई सन् १९९२ मा नै **"अग्ग महा गन्थवाचक पण्डित"** उपाधिले विभूषित गरिएको थियो भने श्रद्धेय ञाणशीला गुरुमांलाई हालै सन् २००४ मा **"महा सद्धम्म जोतिक धज"** उपाधिबाट विभूषित गरिएको थियो । बुद्ध शासन रुपी रथ अगाडि बढाउनका लागि भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूले चारवटा पांग्राको रुपमा रही साथ दिन आवश्यक रहेको तथ्यलाई शाक्यमुनी बुद्धले उल्लेख गर्नुभएको थियो । बुद्धको यस अमूल्य वचनलाई कदर स्वरूप पालन गर्दै म्यानमार सरकारले समय समयमा भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूलाई उनीहरूको योगदान अनुसार हौसला प्रदान गर्न विभिन्न उपाधिले विभूषित गर्दै आएको कुरा सर्व विदितै छ । भेदभाव रहित बुद्ध वचनलाई कदर गर्दै कार्यान्वयनमा नै उतारेर देखाउने म्यानमार सरकारको विशाल हृदयरुपी यस कार्य अति सराहनीय रहेको छ । यसरी विदेशबाट प्रदान गरिएको अमूल्य उपाधिले विभूषित हुन योग्य हुनुभएका नेपालका श्रद्धेय, भिक्षुणी धम्मवती गुरुमां एवं श्रद्धेय ञाणशीला गुरुमांद्वयलाई यही सुखद उपलक्ष्यमा नेपालको अन्तर्राष्ट्रिय भिक्षुणी संघले एक सामूहिक सम्मान समारोहको आयोजना गरी भव्य रुपले सम्मान गरिएको छ ।

## अभिनन्दन एवं दुर्लभ श्रामणेर प्रव्रज्या समारोह सम्पन्न

२०६१ असार २८ गते । स्थान- नगदेश बुद्ध विहार ।

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुच: नगदेशको संयुक्त आयोजनामा अभिनन्दन समारोहका साथै दुर्लभ श्रामणेर प्रव्रज्या कार्यक्रम सम्पन्न गरिएको समाचार छ ।

उक्त समारोहमा श्रद्धेय भिक्षु अश्वघोष महास्थविर र श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरद्वयहरूको प्रव्रजित जीवन ६० वर्ष पूरा भएको र जन्म वर्ष ७७ पूरा भएको

उपलक्ष्यमा उहाँहरूको आयु आरोग्य र सुस्वास्थ्य कामना गरी बुद्ध शासनिक क्षेत्रमा उहाँहरूको योगदानको कदर गरी नगदेश बौद्ध समूहका अध्यक्ष न्हुच्छे कुमार सिंकेमनले अभिनन्दन पत्र प्रदान गर्नुभएको थियो । यसरी नै समूहका कोषाध्यक्ष रामभक्त हाँय्जुले दुबै भन्तेहरूलाई चीवर दान गर्नुभएको थियो । समूहमा सचिव कृष्णकुमार प्रजापतिले स्वागत भाषण गर्नुभएको उक्त समारोहमा दुबै भन्तेहरूको तर्फबाट ११ जना कुलपुत्रहरूलाई दुर्लभ श्रामणेर प्रव्रजित गराउनु भएको थियो । उक्त प्रव्रज्या भिक्षुद्वय सद्धातिस्स र कोलितको आचार्यत्वमा सम्पन्न भएको समाचार छ ।

**निःशुल्क स्वास्थ्य शिविर**

ज्ञानमाला संघ आनन्द बिहार तानसेनले पाल्पाको चिर्तुङ्ग धारा गा.वि.स. गाप्तुङ्गमा अवस्थित ग्राम्य मा.बि. मा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको समाचार छ ।

संघका सल्लाहकार तिलक मान वज्राचार्यको संयोजकत्वमा आयोजित सो शिविरमा २७४ जना बिरामीहरूको स्वास्थ्य जाँच गरी निःशुल्क औषधि बितरण गरिएको थियो । ८ महिनाको बालक देखी १०२ वर्षसम्मका वृद्धको स्वास्थ्य जाँच भएको सो शिविरमा ५१ जना बाल बालिका १३८ जना महिला तथा ७५ जना पुरुष बिरामीहरू थिए । तानसेन पाल्पाको स्थानिय औषधी पसलहरूबाट करीब ६०,०००।- (साठी हजार) बराबर रकमको औषधी हरू संकलन गरी निःशुल्क वितरण गरिएको सो शिविरमा नाम दर्ताबाट उठेको रकम सन्तोष बौद्ध गुम्बा चिर्तुङ्ग धारालाई संघका अध्यक्ष सर्जु लाल वज्राचार्यले हस्तान्तरण गर्नु भएको थियो । डा. पूरन वज्राचार्य, विश्वमान वज्राचार्य, तिलक श्रेष्ठ, जयराम सुवेदी र राम प्रसाद ढुंगानाले चिकित्सकका रुपमा सघाएको उक्त शिविरमा स्थानिय बुद्ध ज्योति युवा क्लव र दिव्य ज्योती युवती क्लवले स्वयंसेवक खटाई सघाएको थियो । शिविर कार्यक्रम पश्चात् आयोजित समापन कार्यक्रममा शिविर सम्बन्धि प्रतिवेदन का.का. सदस्य गम्भिर मान शाक्यले सुनाउनु भएको थियो भने ग्राम्य मा.वि. व्यवस्थापन समितिका अध्यक्ष कुल प्रसाद ढुंगाना, सन्तोष बौद्ध गुम्वाका अध्यक्ष चन्द्र वहादुर थापामगर, धर्मोदय सभाका केन्द्रिय सदस्य राम लगन चौधरीले मन्तव्य तथा शुभकामना व्यक्त गरिएको थियो । संघका सचिव बिनय राज वज्राचार्यबाट सञ्चालित सो कार्यक्रममा प्रमुख अतिथि बौद्ध भिक्षु धम्म ज्योती र सभापती संघका अध्यक्ष सर्जुलाल वज्राचार्य हुनुहुन्थ्यो ।

**धर्मचक्र प्रवर्तन दिवस**

२०६१ आषाढ १८ नगदेश । नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा नगदेश बुद्ध विहारको धम्महलमा २५९३ औं धर्मचक्र प्रवर्तन दिवस भव्य रुपले मनाइएको समाचार छ । श्रद्धेय भिक्षु वरसम्बोधि समक्ष शील प्रार्थना गरी शुरु गरिएको उक्त सभामा डा. सानुभाई डंगोल प्रमुख अतिथीको रुपमा रहनु भएको थियो ।

न्हुच्छे कुमार सिंकेमनको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथी लगायत कृष्ण कुमार प्रजापतिले असार पूर्णिमाको दिन र बुद्ध जीवनीमा आधारित विभिन्न घटनाहरूको सम्बन्धमा विश्लेषण गर्नुभएको थियो । उक्त सभामा रामभक्त हाँय्जुले आफ्नो मन्तव्य सहित धन्यवाद ज्ञापन गर्नु भएको थियो । सभा विसर्जन पश्चात् बुद्ध मूर्ति खटमा राखी नगर परिक्रमा गराई नगदेश बुद्ध विहारमा पुगी १ घण्टा सामूहिक आनापान ध्यान गरिएको थियो ।

**निःशुल्क औषधि प्रदान**

ज्ञानमाला संघ, आनन्द विहार तानसेनले लुम्बिनी स्थित इन्टरनेशनल बुद्धिष्ट सेन्टरका प्रमुख बौद्ध भिक्षु मैत्री महास्थविर ज्यूलाई रु. १०,०००।- (दश हजार) बराबरको औषधीहरू निःशुल्क रुपमा प्रदान गरिएको समाचार छ । लुम्बिनीमा इन्टरनेशनल बुद्धिष्ट सेन्टरबाट संचालित निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि सहयोग पुऱ्याउने एवं दुई संस्था बिच सु-सम्बन्ध स्थापना गर्ने उद्देश्यका साथ उक्त औषधी सहयोग उपलब्ध गराएको कुरा संघका अध्यक्ष सर्जुलाल वज्राचार्यले बताउनु भएको छ ।

**साहु ज्ञानज्योति कंसाकारको निधनप्रति समवेदना**

नेपालको बौद्ध क्षेत्रमा अग्र धर्मानुदाता हुनुभएका साहु ज्ञानज्योति कंसाकारज्यू ८४ वर्षको उमेरमा देहावसान हुनु भएकोले उहाँको पूण्यस्मृतिमा नगदेश बुद्ध विहारको ध्यान हलमा उहाँको गुणानुस्मरण गरी शोक सभा मनाइएको समाचार छ । न्हुच्छे कुमार सिंकेमनको अध्यक्षतामा सम्पन्न उक्त सभामा कृष्णकुमार प्रजापतिले दिवंगत साहुको जीवनी र योगदान बारे चर्चा गर्नुभएको थियो । सो शोक सभामा उपस्थित सम्पूर्ण उपासकोपासिकाहरूले यस दुःखद घडीमा शोकाकुल परिवारले धैर्य धारण गर्न सकोस् भनी कामना गरिएको थियो ।

**श्रद्धाञ्जली सभा**

२०६१ आषाढ २४ गते । अग्रधर्मानुदाता साहू ज्ञानज्योति कंसाकारको देहावसान भएको कारण धर्मोदय सभाको संयोजकत्वमा एवं १५ वटा संघसंस्थाहरूको आयोजनामा राष्ट्रिय सभागृह भृकुटीमण्डपमा एक श्रद्धाञ्जली सभाको आयोजना गरिएको समाचार छ । उक्त सभा भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्वमा सम्पन्न भएको थियो ।

**धर्मदान**

बनेपा ध्यानकुटी विहारया कर्मठ उपासक धर्मचन्द्र शाक्यया जहाँन श्रद्धालु दिलमाया शाक्य मदुगु खुला दुगु पुण्य स्मृतिस भिक्षु अश्वघोष महास्थविरं च्वया बिज्यागु



Downloaded from http://www.dhamma.digital

"न्हापाया गुरु सु ?" धैगु सफू छापे याना सितिं इनाब्यूगु समाचार दु ।

## श्रद्धाञ्जली देछा

बुद्ध धर्म चीरस्थाई यायगु ज्याझ्वले यक्को गुहाली यानादीम्ह साहु ज्ञानज्योती कंसाकार ८४ दँया वैशय् मिति २०६१ असार ९ गते दिवंगत जुयाबिज्या:गुलिं वयक:या छयैंज:पिसं प्रकृतिया अनित्य स्वभावयात थ्वीका: धैर्य धारण याय् फयमा धका: सिद्धि मंगल बुद्ध बिहार यलया उपासकोपासिकापिसं श्रद्धाञ्जली देछा:गु समाचार दु ।

## पञ्चविर सिंह सिरपा

२०६१ असार १२ गते । परोपकार उच्च मा.वि. भिंद्यो पा: ।

बु.सं. २५४७ दँय् संध्या टाइम्स पत्रिकाय् पिदंगु च्वसुत मध्ये उत्कृष्ट बौद्ध च्वसुया च्वमिपिं भाजु लोकवहादुर शाक्य व मयजु विजय लक्ष्मी शाक्यपिन्त पञ्चवीरसिंह सिरपा: ल:ल्हा:गु समाचार दु । भिक्षु कुमार काश्यप महास्थविर पाखें शील प्रार्थना याका बिज्यासे न्ह्याकूगु उगु ज्याझ्वले साहु पञ्चविरसिंह तुलाधर भिक्षु अश्वघोष महास्थविर व भिक्षु कुमार काश्यप महास्थविरपिनि श्रमण जीवन ६० दँ पूवंगु व ७७ दँ क्व:गु बुदिंया लसताय् वसपोलपिन्त अष्टपरिष्कार व रु. ५०००।- मयाक नं दान यानादीगु ख: ।

युवा बौद्ध समूहया नायो शान्तरत्न शाक्यया सभापतित्वे सम्पन्न जूगु उगु ज्याझ्वले पञ्चवीरसिंह सिर पा:कथं च्वमिपिन्त म्हतिं २५२७ तका व तँसा कथं थप ११,१११ तका दाँ ल:ल्हानादीगु ख: । उकी मध्ये च्वमि भाजु लोकबहादुर शाक्यं थ:त प्राप्त जूगु सिरपा:या दां ग्वसा: खल: युवा बौद्ध समूहयात थीथी ज्याझ्व: न्ह्याकेगु लागी ल:ल्हानादीगु ख: । उगु ज्याझ्वले पद्मरत्न तुलाधर, लोकदर्शन वज्राचार्य, निर्णायक समितिपाखें डा. गणेश माली, शाक्य सुरेन, उत्तमराज शिलाकार, सन्ध्या टाइम्सया सम्पादक सुरेश मानन्धर आदि वक्तापिसं न्वनानादीगु ख: । त्रिरत्न तुलाधरं लसकुस यानादीगु उगु ज्याझ्वले त्रिरत्न मानन्धरं सुभाय देछानादीगु ख: । थुगु हे ज्याझ्वले साहु पञ्चविरसिंह आशा सफूकुथिया छेँ दनेगु लागि ५५,५५५ तका दां व लुम्बिनी धर्मोदय सभाया चैत्य निर्माणया लागि नं ५,५५,५५५ तका दां व वयक:या जहान पाखें २,००,२२२ तका दां दान यानादीगु ख: ।

## जगतसुन्दर ब्वनेकुथिइ परियत्तिया प्रमाणपत्र वितरण

२०६१ ज्येष्ठ ३० गते, यें ।

नेपाल बौद्ध परियत्ति शिक्षा जगतसुन्दर ब्वनेकुथि केन्द्रया २५४७ बुद्ध सम्बत या उत्तीर्ण परियत्ति विद्यार्थिपिन्त नेपाल बौद्ध परियत्ति शिक्षाया केन्द्रिय परिक्षा नियन्त्रक भिक्षु बोधिज्ञान पाखें दसिपौ व सिरपा ल:ल्हाय्गु ज्या सम्पन्न जुल । बुद्धया शिक्षा नापं सम्वन्धित परियत्ति शिक्षा जगतसुन्दर ब्वनेकुथिइ बुद्ध सम्वत २५४६ निसें शुरुजूगु ख: । थुगुसी जूगु परियत्ति परिक्षाय् मुक्कं फिन्याम्ह विद्यार्थीपिं उत्तीर्ण जूगु ख: ।

मुपाहांया आसनं न्ववाना विज्यासें भिक्षु बोधिज्ञान पाखें नेपाले परियत्ति शिक्षाया अवस्था व उकिया महत्वया वारय् कुला बिज्यात । अथेहे दैनिक जीवने बुद्ध शिक्षा आवश्यकता या वारे डा. केशवमान शाक्य, सविता धाख्वा, भिक्षु संघरक्षित व त्रिरत्न मानन्धर पाखें थ:थगु नुग: खं प्वंका दिल । सभापतिया आसनं जगत सुन्दर ब्वनेकुथि परियत्ति केन्द्रया संचालक समितिया नायो राजभाइ जक:मी पाखें हृदयस्पर्शि चिनाखं नाप देशय् शान्ति यायत बुद्धया पञ्चशील शिक्षा मदेयकं मगा: धका कना दिल ।

केन्द्राध्यक्ष माया मानन्धर पाखें वार्षिक प्रतिवेदन न्ह्यब्व:गु उगु ज्याभ्वलय् भगवति जक:मी पाखें लसकुस न्वचु, रत्ना कसा पाखें सुभाय् देछाय्गु ज्या व विजय वज्राचार्य पाखें कार्यक्रम न्ह्याका दीगु ख: ।

## विश्व मैत्री विहारय् बुद्ध पूजा व धर्म देशना

### यल तछलागा त्रयोदसी

यल लायकुसा विश्व मैत्री विहारय् पंचशील प्रार्थना व बुद्ध पूजां लिपा क्वचा:गु बौद्ध सभाय् अनुपमा गुरुमांनं मनुष्य लोक पुण्य यायेगु थाय् जूगुलिं काय वाक् चित्त शुद्ध याना परोपकार यायेगुहे मू धर्म ख: धइगु देशना याना विज्यात । दिल शोभा शाक्यं राग द्वेष मोह या भावना पिदनीवलय् होश तया: उकी सुधारगु ज्या यायेगु खुबि दयेकेत ध्यानया अभ्यास यायेमा:गु खँ न्ह्यथना दिल ।

वंगु सँल्हूया देशना लुमंका छत्वा छत्वा:चा खँ कना दीपिं बोधिरत्न व दिल शोभायात गुरुमां अनुपमां सिरपा बिया बिज्यागु उगु ज्याझ्वले विरबहादुर शाक्यं नं न्ववाना दीगु ख: । सभाय् मोहन महर्जनं लसकुस याना दीगु ख:सा प्रेमबहादुर वज्राचार्यं सुभाय् देछाना दिल । मिखा बहाया हेरामाया महर्जनं जलपान व्यवस्था याना दिल ।

## चार धाम प्रतिमा स्थापना

सिद्धि मंगल बुद्ध विहार, २०६१ जेठ ११ गते ।

दातापिं पूर्णवहादुर महर्जन, त्वयवहादुर धाख्वा:, रामेश्वर महर्जन व वेखारत्न शाक्यपिसं दान यानादीगु राजकुमार सिद्धार्थया जन्म, बुद्धत्त्व प्राप्ति, बुद्धया धर्मचक्र प्रवर्तन व बुद्ध परिनिर्वाण जुयाबिज्या:गु चारधाम प्रतिमायात यलया पुलचोकं भव्य रुपं जात्रा याना: सिद्धि मंगल बुद्ध विहारे स्थापना या:गु समाचार दु ।

भिक्षु प्रज्ञाकीर्ति पाखें शील प्रार्थना याकाबिज्या:गु उगु ज्याझ्वले मंगलदास महर्जनं स्वागत न्वचु बियादीगु ख: । अथेहे थुगु ज्याझ्वले बौद्ध विद्वान धर्मरत्न त्रिशुलिं थ:गु नुग: खँ प्वंका दिलसा बुद्धि बहादुर महर्जन सुभाय् देछानादीगु ख: । ■

बा.अ.का.द.नं. - ७०/०४०/४१

# अनिच्चावत संखारा

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरुज्भन्ति तेसं ऊपसमोसुखो



*जन्म :*
ने.सं. १०५० चैत्र शुक्लपक्ष नवमी
वि.सं. १९८६ चैत्र २५, आइतवार

*मृत्यु :*
ने.सं. ११२४ वैशाख शुक्ल पक्ष अष्टमी
वि.सं. २०६१ वैशाख १६, बुधबा:

## जगतहितमानसिं बनिया

( इतुंबहा: )

जिमिसं अतिकं हनाबना तया च्वनाम्ह, जिमित सदा नं माया मतिमा याना च्वनादीम्ह पूजय जगतहितमानसिं बनिया दिवंगत जुयादीगु स्वलाया पुण्य तिथिस वयक:या निर्वाण पद आशिका याना। शोक मग्नगु उगु इलय् जिमिगु हियूगु नुग: सिचुका बीगु कुत: याना दीपिं स्या:न्या:पिं थ: थिति इष्ट मित्रपिं सकसितं दुनुगलं निसें सुभाय् देछाना च्वना।

*तता :* ज्ञानशोभा तुलाधर *जहान :* पूर्णदेवी बनिया

*किजापिं:*
अष्टमानसिं बनिया
अमृत मानसिं बनिया
अशोक मानसिं बनिया
गौतम मानसिं बनिया

*किजाभौपिं:*
दिलशोभा बनिया
सुवर्णलक्ष्मी बनिया
रामबदन बनिया
कमला बनिया

*कायपिं:*
रक्षाहित मानसिं बनिया
परिक्षा मानसिं बनिया

*भौपिं:*
नूतन लक्ष्मी बनिया
इन्दु बनिया

*म्ह्यायपिं:*
समा तुलाधर
रमाशोभा कंसाकार

*जिलाजंपिं:*
चिनी काजी तुलाधर
मैत्रीरत्न तुलाधर

*काय् छयपिं:*
नीरजमानसिं बनिया
श्रीरजमानसिं बनिया

*म्ह्याय् छयपिं:*
सचिन तुलाधर
सुसिम तुलाधर
विवेक रत्न कंसाकार
अभिषेक रत्न कंसाकार

*छ्इपिं:*
दृष्टिदीप तुलाधर
कुमुदिनी तुलाधर

मीरु तुलाधर
रीनु

*छ्य जिलाज:*
कुलदीप तुलाधर
महेश

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय: नक्साल, नागपोखरी, पोष्ट बक्स: ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल। फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३९२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं। फोन: ४२५९०३२, ४२५९४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital